नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ८८/०८२
दर्ता मिति: २०८२/१२/२

# मौद्रिक क्षति बीमा सम्बन्धी निर्देशन, २०८१

<u>प्रस्तावना:</u> बैंक, वित्तीय संस्था तथा नगद कारोबार गर्ने संस्थाको परिसर तथा पारवहन प्रकृयामा रहेको नगद तथा नगदजन्य उपकरण र सुरक्षण (सेक्युरिटि) तथा वित्तीय संस्थाको धितोबन्धकमा राखिएका नगद तथा नगदजन्य उपकरण र सुरक्षण (सेक्युरिटि) मा आइपर्न सक्ने जोखिमहरु विरुद्धको रक्षावरण गर्ने बीमा सम्बन्धी व्यवस्थाहरुलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायको निर्देशन जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस निर्देशनको नाम "मौद्रिक क्षति बीमा सम्बन्धी निर्देशन, २०८१" रहेको छ ।

(२) यो निर्देशन तुरुन्त लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "अपवाद" भन्नाले बीमालेखले रक्षावरण नगर्ने वा नसमेट्ने अवस्था सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ।

(ग) "जोखिम" भन्नाले कुनै घटना घट्ने वा नघट्ने अनिश्चित अवस्था सम्झनु पर्छ।

(घ) "तालिका" भन्नाले बीमित, बीमाङ्क, बीमाशुल्क लगायत बीमालेख जारी गर्न आवश्यक पर्ने विवरणहरू उल्लेख भएको बीमालेखको अङ्गको रूपमा रहने तालिका सम्झनु पर्छ।

(ङ) "दाबी" भन्नाले क्षति वापत बीमित वा बीमालेख धारकद्वारा बीमकसँग माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(च) "नगद" भन्नाले नेपाल राष्ट्र बैंकले निस्काशन गरेको नेपाली बैंक नोट र सिक्का सम्झनु पर्छ।

(छ) "नगदजन्य उपकरण" भन्नाले सुन, चाँदी, गरगहना र सुनको लाप्सा सम्झनु पर्छ।

(ज) "प्राधिकरण" भन्नाले नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(झ) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(ञ) "बीमा करार" भन्नाले प्रस्ताव फाराम, बीमालेख, तालिका, सम्पुष्टि, बीमालेखको संशोधन तालिका तथा बीमाशुल्क भुक्तानी रसिद सहित बीमालेखको रूपमा जारी गरिएको बीमक तथा बीमित वा बीमालेख धारक बीच भएको द्विपक्षीय करार सम्झनु पर्छ।

(ट) "बीमाङ्क" भन्नाले क्षति बापत बीमकले प्रदान गर्ने तालिकामा उल्लेख भए बमोजिमको कूल बीमा रकम सम्झनु पर्छ।

(ठ) "बीमालेख" भन्नाले बीमकले कुनै पनि जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ।



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(ड) "बीमाशुल्क" भन्नाले बीमा गरे वापत बीमित वा बीमालेख धारकले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(ढ) "बीमित" भन्नाले भन्नाले बीमा गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(ण) "रक्षावरण" भन्नाले क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(त) "सम्पुष्टि" भन्नाले बीमित वा बीमालेख धारकको अनुरोधमा बीमालेखमा उपलब्ध भएको जोखिमको अतिरिक्त जोखिम थप गर्नको लागि बीमकसँग गरिएको पूरक करार सम्झनु पर्छ।

(थ) "सुरक्षण (सेक्युरिटि)" भन्नाले परिबर्त्य विदेशी मुद्रा, ट्रेजरी नोट, बैंक ड्राफ्ट, चेक, हुलाक आदेश, धनादेश, प्रमिशरी नोट, बोन्ड, बिल अफ एक्सचेन्ज, हुलाक टिकट, हुलाक रसिद, हवाई प्रेषणपत्र, बिल्टि वा मालपत्र, निक्षेपको प्रमाणपत्र, कुपन, डिबेन्चर, डिमाण्ड हुण्डी, एक्सप्रेस हुलाक आदेश, बीमितले जारी गरेको मुद्दती निक्षेप पुर्जा, लरी पुर्जा, लरी टिकट, रेल्वे रसिद, मेल ट्रान्सफर, यात्रु चेक, ड्राफ्ट वा विनिमय गर्न सकिने अन्य सम्पूर्ण लिखत तथा निस्सा (जुन कुनै धारकले विनिमय गरेको भए ति अनविज्ञ धारक विरुद्ध त्यस सम्बन्धमा दाबी उजुरी गर्न सक्ने थिएन) सम्झनु पर्छ ।

(द) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए बमोजिम बीमकले बीमितलाई प्रदान गर्ने दाबी वापतको रकम सम्झनु पर्छ।

## परिच्छेद-२

## बीमालेख सम्बन्धी व्यवस्था

३. बीमा करार: (१) बीमकले यस निर्देशन बमोजिम जारी गरेको बीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ।

(२) बीमालेखमा उल्लिखित शर्तहरू बीमक तथा बीमित दुवैले पालना गर्नु पर्नेछ।

(३) बीमकले बीमा अवधि समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै बीमितलाई बीमालेखको अवधि समाप्त हुन लागेको जानकारी सहितको सूचना पठाउनु पर्नेछ।

(४) बीमा प्रस्ताव फाराम, तालिका, बीमालेख तथा बीमालेखसँग संलग्न सम्पुष्टिलाई समेत बीमा करारको रूपमा लिनु पर्नेछ।

४. बीमालेख जारी गर्ने: (१) बीमितले बैंकर क्षतिपूर्ति बीमालेखको लागि लागि अनुसूची-१ बमोजिम प्रस्ताव फाराम, नगद बीमालेखको लागि अनुसूची-२ बमोजिमको प्रस्ताव फाराम र निष्ठा जमानी बीमालेखको लागि अनुसूची-३ बमोजिमको प्रस्ताव फाराम पूर्ण रुपमा भरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव फाराम प्राप्त भए पछि बीमकले बीमालेख जारी गर्नु अगावै आवश्यक सम्पूर्ण विवरण चेक जाँच गर्नु पर्नेछ।

(३) बीमकले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुका लागि अनुसूची-४ बमोजिमको बैंकर क्षतिपूर्ति बीमालेख जारी गर्न सक्नेछ।

(४) बीमकले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाहरुको लागि अनुसूची-५ बमोजिमको नगद बीमालेख जारी गर्न सक्नेछ।

(५) बीमकले प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाहरुको लागि अनुसूची-६ बमोजिमको निष्ठा ज़मानी बीमालेख जारी गर्न सक्नेछ।

(६) बीमकले बीमा सम्बन्धी मूलभूत विवरण, बीमाको विषय वस्तुको विवरण तथा बीमाशुल्कको गणना सम्बन्धी विवरण सम्बन्धित बीमालेखमा संलग्न बमोजिमको बीमालेख तालिकामा प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(७) बीमकले बीमालेख जारी गर्दा बीमालेख जारी भएको वास्तविक समय (घण्टा र मिनेट) तथा जोखिम प्रारम्भ भएको बास्तबिक समय (घण्टा र मिनेट) सहित उल्लेख गर्नु पर्नेछ।

(८) बीमालेख जारी हुने मिति र जोखिम प्रारम्भ हुने मिति फरक पारी बीमालेख जारी गर्न पाइने छैन।

तर बीमालेखको नवीकरणको हकमा जोखिम प्रारम्भ मिति भन्दा अगावै बीमालेख जारी गर्न सकिनेछ।

५. <u>बीमालेख नामसारी सम्बन्धी व्यवस्था:</u> (१) नगद बीमालेख तथा बैंकर क्षतिपूर्ति बीमालेख प्रथम बीमितबाट अन्य कुनै पक्षको नाममा नामसारी गर्न पाइने छैन।

तर मर्जर पश्चात कायम रहेको संस्थाको नाममा बीमालेख नामसारी गर्न बाधा पुग्ने छैन।

(२) बैंक तथा वित्तीय संस्थाबिच मर्जर भई एकीकृत कारोबार भएको अवस्थामा संस्थाहरुको साबिकको बैंकर क्षतिपूर्ति बीमालेख मध्ये एक कायम गरी अन्यको हकमा समानुपातिक बीमादर अनुसारको बीमाशुल्क लिई बाँकी अवधिको बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद -३

## <u>बीमादर सम्बन्धी व्यवस्था</u>

६. <u>बीमादर सम्बन्धी व्यवस्था:</u> (१) बैंकर क्षतिपूर्ति बीमालेखको बीमादर देहाय बमोजिम हुनेछ:-

(क) आधारभूत बीमाङ्कको बीमाशुल्क (बैंकरको क्षतिपूर्ति बीमालेखको रक्षावरण "क" देखि "ङ" सम्म) : एकमुष्ठ २.७५ प्रतिशत,

(ख) अतिरिक्त बीमाङ्कको बीमाशुल : १ प्रतिशत प्रति रक्षावरण,

(ग) निष्ठा जमानी वापतको बीमाशुल्क : १० प्रति कर्मचारी,

(घ) हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य र आतंकबाद सम्बन्धी जोखिम समूहको बीमाशुल्क : ०.६५ प्रतिशत,

(ङ) प्रचलित सम्पत्ति बीमा बमोजिमका जोखिम (हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य र आतंकबाद सम्बन्धी जोखिम बाहेक) थप गरे वापतको बीमाशुल्क : ०.१५ प्रतिशत।

(२) नगद बीमालेखको बीमादर देहाय बमोजिम हुनेछः-

(क) रक्षावरण "क" (काउन्टरमा राखिएको नगद तथा नगदजन्य उपकरण र सुरक्षण) बीमाशुल्क: रु २ प्रति हजार

(ख) रक्षावरण "ख" (सेफ/भल्टमा राखिएको नगद तथा नगदजन्य उपकरण र सुरक्षण) बीमाशुल्क: रु २ प्रति हजार

(ग) रक्षावरण "ग" (बीमा अवधि भित्र एक पटकमा गरीने अधिकतम मार्गस्थ नगद तथा नगदजन्य उपकरण र सुरक्षण रकममा) बीमाशुल्क : १.५ प्रतिशत

(घ) रक्षावरण "घ" (नगद बाहेकका अन्य नगदजन्य उपकरण) बीमाशुल्क : रु २ प्रति हजार

(ङ) रक्षावरण "ङ" को हकमा थप बीमाशुल्क नलाग्ने (बीमितको परिसरमा भित्र रहेको नगद तथा नगदजन्य उपकरण चोरी, सेंधमारी, डकैति वा तोडफोड भएको अवस्थामा कर्मचारी वा कामदारको व्यक्तिगत नगदको हानी नोक्सानी भएमा प्रति बीमा अवधि बढीमा दश हजार रुपैंयासम्मको हकमा थप बीमाशुल्क नलाग्ने,)

(च) हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य र आतंकबाद सम्बन्धी जोखिम समूहको बीमाशुल्क: रु १.२५ प्रति हजार

(छ) प्रचलित सम्पत्ति बीमा अनुसारका जोखिम (हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य र आतंकबाद सम्बन्धी जोखिम बाहेक) थप गरे वापतको बीमाशुल्क : रु १.५० प्रति हजार।

(३) निष्ठा जमानी बीमादर देहाय बमोजिम हुनेछः-

(क) जोखिममा रहेको बीमाङ्क रकमको बीमाशुल्क : रु. ५ प्रति हजार,

(ख) बीमामा समावेश भएका कर्मचारीहरुको बीमाशुल्क : रु. १०० प्रति कर्मचारी।

(४) उपदफा (१), (२) र (३) बमोजिमको बीमादरको आधारमा गणना गरेको बीमाशुल्कमा कुनै प्रकारको छुट (डिस्काउन्ट), रिहायत, कटौती वा सहुलियत दिन पाइने छैन।

तर बीमा अभिकर्ताको प्रयोग नगरी प्रत्यक्ष बीमालेख बिक्रि गरिएको अवस्थामा हुलदङ्गा तथा आतङ्कवाद जोखिमको बीमाशुल्क बाहेक अन्य बीमाशुल्कमा बढीमा अभिकर्ता कमिशन बराबरको रकम वा पाँच प्रतिशत रकम छुट प्रदान गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(५) एक पटक बीमालेख जारी भए पश्चात बीमा अवधिभर बीमादर बढाउन वा घटाउन पाइने छैन।

## परिच्छेद - ४

## बैंकरको क्षतिपूर्ति बीमालेख सम्बन्धी व्यवस्था

७. बीमाङ्क कायम: (१) अतिरिक्त बीमाङ्क रकम (Additional sum Insured) अनुसूची-५ को बैंकरको क्षतिपूर्ति बीमालेखको बुँदा नं. (२) को खण्ड (क) र (ख) रक्षावरणको लागि मात्र लिन सकिनेछ।

(२) अतिरिक्त बीमाङ्क रकम कायम गर्दा आधारभूत बीमाङ्क (Basic/Floating Sum Insured) रकम भन्दा तीन गुणा भन्दा बढी गर्न पाइने छैन।



बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "आधारभूत बीमाङ्क रकम" भन्नाले अनुसूची-५ को बुँदा नं. (२) मा उल्लिखित जोखिमको रक्षावरणको लागि लिइएको बीमाङ्क रकम र "अतिरिक्त बीमाङ्क रकम" भन्नाले आधारभूत बीमाङ्क रकम भन्दा बढी बीमाङ्क कायम गर्नु परेमा राखिने रकम सम्झनु पर्छ।

८. सम्पुष्टि जारी गर्न नपाइने: एक पटक बीमालेख जारी भईसकेपछि बीमालेखको अवधिभर बीमाङ्क रकम, बीमाशुल्क तथा दररेट सम्बन्धमा असर पर्ने गरी थपघटको सम्पुष्टि जारी गर्न पाइने छैन।

तर सामान्य अनुशाङ्गिक सुधार, शाखा तथा एटिएम थपघट जस्ता सूचनाको अभिलेखीकरणको लागि सम्पुष्टि जारी गर्न यस दफाले बाधा पुग्ने छैन।

९. बीमाङ्क परिवर्तन: चालु बीमा अवधिभर बीमाङ्क रकममा कुनै पनि परिवर्तन गर्न पाइने छैन।

१०. बैंकरको क्षतिपूर्ति बीमालेख सम्बन्धी अन्य व्यवस्था: (१) बैंकरको क्षतिपूर्ति बीमालेखको अवधि एक वर्षको हुनेछ।

तर बीमितको अनुरोधमा जारी भइसकेको बीमालेख रद्द गर्नु परेमा सम्बन्धित बीमालेखमा उल्लेख गरिएको छोटो अवधिको बीमादर अनुसार बीमालेख बहाल रहेको अवधिको बीमाशुल्क कट्टा गरी बाँकी अवधिको बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दाबी परी सकेको बीमालेखको हकमा बीमाशुल्क फिर्ता हुने छैन।

(३) एटिएम (ATM) तथा घुम्ती बैंकिङ, मोबाइल एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), शाखारहित बैंकिङ, पोष्टल रजिष्टर्डबाट पठाइने मूल्यवान कागजातहरु (Valuable Documents) को बीमाङ्क रकमको सीमा (Limit) बीमितको आवश्यकता तथा सुरक्षा विधि दृष्टिगत गरी बीमकले तोक्न सक्नेछ। यस्तो सीमा बारे बीमालेखको सम्पुष्टि (Endorsement) खण्डमा उल्लेख गरेको हुनु पर्नेछ।

(४) बैंकको स्वीकृति सूचीमा परेको धितो मूल्याङ्कनकर्ताको बेइमानी तथा अपराधिक कार्यबाट बीमितलाई पर्न जाने हानी नोक्सानीको सुरक्षण बीमकले तोकेको रकम वा आधारभूत बीमाङ्कको निश्चित प्रतिशत भन्दा बढी नहुने गरी बीमालेखको अनुसूचीको सम्पुष्टि खण्डमा उल्लेख गरी समावेश गर्न सकिनेछ।

(५) बैंकको परिसर तथा नगद स्थानान्तरणमा बीमित बैंकले अपनाउनु पर्ने सुरक्षा विधि तथा व्यवस्था बारे प्रचलित कानून, पुनर्बीमकहरुको शर्त बमोजिम बीमालेखको अनुसूचीको सम्पुष्टि खण्डमा उल्लेख गरेको हुनु पर्नेछ।

(६) बीमालेखको अपवादमा उल्लेख भएका कुनै जोखिम थप (Writeback) गर्नु परेमा पुनर्बीमकको मन्जुरी तथा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उपयुक्त बीमाशुल्क लिई बीमालेख जारी हुँदाको बखत नै अनुसूचीको सम्पुष्टि खण्डमा समावेश गरिएको हुनु पर्नेछ।

(७) बीमालेखले सुरक्षण गर्ने नगद, नगदजन्य उपकरण तथा सुरक्षण (सेकुरिटि) को धितोको रुपमा राखिएको सुन चाँदीको अलावा आकस्मिक रुपमा सुनको लाप्सा (Bullion) को जोखिम रक्षावरण गर्नु परेमा यसै निर्देशन बमोजिम नगद बीमालेखबाट छुट्टै रक्षावरण गर्नु पर्नेछ।

(८) बीमालेखको अपवादमा उल्लेख भएका कुनै जोखिम थप (Writeback) गर्नु परेमा पुनर्बीमकको मन्जुरी तथा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उपयुक्त बीमाशुल्क लिई बीमालेख जारी हुँदाको बखतमा नै अनुसूचीको सम्पुष्टि खण्डमा समावेश गरिएको हुनु पर्नेछ।



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(९) हुलदंगा, हड्ताल, द्वेशपूर्ण कार्य तथा आतंकवाद जोखिम समूह प्राधिकरण तथा पुनर्बीमकले तोकिए बमोजिमको दर तथा शर्त बमोजिम समावेश गरिएको हुनु पर्नेछ।

(१०) बीमा सुरक्षणको भूत प्रभावी (Retro-Active Period of Cover) अवधि बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद - ५
## नगद बीमालेख सम्बन्धी व्यवस्था

११. बीमाङ्क कायम: (१) नगद बीमालेख अन्तर्गत देहाय बमोजिमका रक्षावरणका लागि छुट्टाछुट्टै बीमाङ्क कायम गरी कूल बीमाङ्क रकम कायम गर्नु पर्नेछः-

(क) रक्षावरण "क" अन्तर्गत बीमितको काउन्टरमा कार्यालय समयमा रहने अधिकतम नगद, नगदजन्य उपकरण र सुरक्षण = बीमाङ्क १ सवै

(ख) रक्षावरण "ख" अन्तर्गत बीमितको सेफ/भल्ट/स्ट्रंग रूममा राखिएको अधिकतम नगद, नगदजन्य उपकरण र सुरक्षण = बीमाङ्क २

(ग) रक्षावरण "ग" अन्तर्गत बीमितको सेफ/भल्ट/स्ट्रंग रूममा राखिएको अन्य नगदजन्य उपकरणको धनराशी = बीमाङ्क ३

(घ) रक्षावरण "घ" अन्तर्गत बीमितको मार्गस्थमा एक पटकमा स्थानान्तरण गरिने अधिकतम नगद, नगदजन्य उपकरण र सुरक्षण (maximum amount of cash in transit) = बीमाङ्क ४

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) को योगफल रकम बरावर कूल बीमाङ्क रकम कायम हुनेछ।

१२. बीमाङ्क पुनर्स्थापना: (१) बीमितले बाँकी अवधिको लागि पूरा बीमाङ्क रकम कायम राख्न चाहेमा समानुपातिक रुपले बाँकी हुन आउने बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ र बीमकले सम्पुष्टिमा उल्लेख गरी साबिक बीमाङ्क रकम पुनर्स्थापना गरिदिनु पर्नेछ ।

(२) नगद बीमालेखको बीमा अवधिमा प्रत्येक पटक दाबी परे पश्चात बाँकी अवधिको लागि बीमाङ्क रकम दाबी मुल्याङ्कन रकम बराबरको रकमले स्वत: कम हुनेछ।

१३. नगद बीमालेख सम्बन्धी अन्य व्यवस्था: (१) नगद बीमालेख एक वर्ष वा सो भन्दा कम अवधिको लागि मात्र जारी गर्न सकिनेछ।

(२) छोटो अवधिको लागि जारी गरिने नगद बीमालेखको बीमाशुल्क गणना अनुसूची-५ बमोजिमको बीमालेखमा उल्लेख गरिएको छोटो अवधिको बीमादर बमोजिम गर्नु पर्नेछ।

(३) बीमितको अनुरोधमा जारी भइसकेको नगद बीमालेख रद्द गर्नु परेमा अनुसूची-५ को बीमालेखमा उल्लेख गरिएको छोटो अवधिको बीमादर बमोजिम बीमालेख बहाल रहेको अवधिको बीमाशुल्क कट्टा गरी बाँकी अवधिको बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दाबी परी सकेको बीमालेखको हकमा बीमाशुल्क फिर्ता हुने छैन।



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## परिच्छेद - ६
## निष्ठा जमानी बीमालेख सम्बन्धी व्यवस्था

१४. बीमाङ्क कायम: (१) निष्ठा जमानी बीमालेख बीमितको कर्मचारीले बेइमानीपूर्ण कार्य गरी रोजगारदाता कम्पनीलाई हानी पुऱ्याउन सक्ने जोखिममा रहेको अधिकतम रकम हुनेछ।

(२) उपदफा (१) बमोजिम बीमितले बीमाङ्क कायम गर्दा रक्षावरण गर्नु पर्ने आफ्नो कर्मचारी वा कामदारको नाम तथा पदको विवरण बीमकलाई उपलब्ध गराउनु पर्नेछ।

१५. सम्पुष्टि जारी गर्न नपाइने: एक पटक निष्ठा जमानी बीमालेख जारी भइसकेपछि बीमालेखको अवधिभर बीमाङ्क रकम, बीमाशुल्क तथा दररेट सम्बन्धमा असर पर्ने गरी थपघटको सम्पुष्टि जारी गर्न पाइने छैन।

तर सामान्य हिज्जे जस्ता सूचनाको अभिलेखीकरणको लागि सम्पुष्टि जारी गर्न यस दफाले बाधा पुग्ने छैन।

१६. बीमाङ्क परिवर्तन: चालु बीमा अवधिभर निष्ठा जमानी बीमालेखको बीमाङ्क रकममा कुनै पनि परिवर्तन गर्न पाइने छैन।

१७. बीमालेखको अवधि: निष्ठा जमानी बीमालेख एक वर्ष अवधिको लागि मात्र जारी गर्न सकिनेछ।

## परिच्छेद - ७
## विविध

१८. बीमालेख जारी गर्न नपाइने: यस निर्देशन अन्तर्गत जारी हुने बीमालेख अन्तर्गत रक्षावरण गरिने विषयवस्तुको जोखिम अन्य बीमालेखबाट रक्षावरण गर्न पाईने छैन।

१९. अतिरिक्त बीमालेख जारी गर्नु पर्ने: (१) बीमकले बीमालेखमा उल्लिखित जोखिम बाहेकका अन्य जोखिम समावेश गर्नु परेमा थप बीमाशुल्क लिई अतिरिक्त बीमालेख जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी हुने अतिरिक्त बीमालेखका शर्त, सुविधा र बीमाशुल्क प्राधिकरणबाट स्वीकृति भए बमोजिम हुनेछ।



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

अनुसूची-१

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**बैंकरको क्षतिपूर्ति बीमा- प्रस्ताव फारम**

| | | |
|---|---|---|
| (१)<br>(क) बैंक/वित्तीय संस्थाको नामः<br>(ख) ठेगाना/ फोन नं. /इमेल<br>(अ) रजिष्टर्ड कार्यालय<br>(आ) मुख्य / केन्द्रीय कार्यालय | | |
| (२) बैंक/वित्तय संस्थासंग सम्बन्धित विवरण | हाल भएको संख्या | भविष्यमा थपिन सक्ने संख्या |
| (क) शाखाहरु | : ......... | : .................... |
| (ख) घुम्ती बैंकिङ (Mobile Banking) | : ......... | : .................... |
| (ग) शाखारहित बैंकिङ (Branchless Banking) | : ......... | : .................... |
| (घ) एक्सटेन्सन काउन्टर (Extension Counter) | : ......... | : .................... |
| (ङ) एटिएम (ATM)/ नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM) | : ......... | : .................... |
| (च) मोबाइल एटिएम (Mobile ATM) | : ......... | : .................... |
| (छ) अन्य (उल्लेख गर्नुहोस.................) | : .........<br>: .........<br>: ......... | : ....................<br>: ....................<br>: .................... |
| (३) के तपाई देहाय बमोजिमका अतिरिक्त जोखिमहरु बीमामा समावेश गर्न चाहनु हुन्छ ? चाहनु हुन्छ भने आवश्यक बीमाङ्क रकम उल्लेख गर्नुहोस् । | रु. | |
| (क) हुलाक वा धनादेशबाट पठाइने नगद तथा नगदजन्य उपकरणहरु | रु. | |
| (ख) बैंकको सूचिकृत धितो मूल्याङ्कनकर्ताहरुबाट हुन सक्ने क्षतिको रकम | रु. | |
| (४)<br>(क) के प्रस्तावित बैंकको हाल बैंकरको क्षतिपूर्ति बीमा भइरहेको छ ?<br>यदि छ भने, बीमा कम्पनी, बीमाङ्क रकम र बीमा अवधि उल्लेख गर्नुहोस् ।<br>(ख) के तपाईले यस्तो प्रकारको बीमाको लागि कुनै बीमा कम्पनीमा प्रस्ताव गर्नु भएको थियो ? यदि थियो भने, बीमा भयो कि भएन ?<br>(ग) के यस्तो प्रकारको बीमाको प्रस्ताव बिगतमा कनै बीमा कम्पनीद्वारा अस्वीकार गरिएको थियो ? | रु. | |

| | |
|---|---|
| (घ) विगतमा बीमा रद्द गरेको वा नवीकरण गर्न अस्वीकार भएको थियो ? यदि थियो भने, विवरण दिनुहोस् । | |
| (५) हाल सम्म कुनै क्षति हानी- नोक्सानी व्यहोर्नु परेको छ ?<br>(क) परिसरमा भएको अवस्थामा<br>(ख) कर्मचारी वा अभिकर्ताको धोकाधडी वा बेइमानी पूर्ण कार्यबाट<br>(ग) धितोबन्धक राखिएको सामानको चोरी, धोकाधडी, दुरुपयोगबाट<br>(घ) एक स्थानबाट अर्को स्थानमा मार्गस्थ रहेको अवस्थामा<br>(ङ) हुलाक वा धनादेशबाट पठाउँदाको अवस्थामा<br>(च) धितो मूल्याङ्कनकर्ताको गलत मूल्याङ्कनबाट<br>यदि भएमा, विगत ५ वर्षको, घटना भएको मिति, क्षति पत्ता लागेको मिति, हानी नोक्सानीको रकम तथा छोटो विवरण सहित विगत ५ वर्षको विवरण दिनुहोस् । | |
| (६) बीमाङ्क रकम<br>(क) आधारभूत बीमाङ्क रकम<br>(ख) अतिरिक्त बीमाङ्क रकम<br>(अ) परिसरमा रहने नगदको लागि<br>(आ) पारवहनमा रहने नगदको लागि<br>(ग) हाल कायम रहको कर्मचारी जम्मा संख्या उल्लेख गर्नुहोस्<br>(घ) धितो मूल्याङ्कन कर्ता तथा समान प्रकृतिका कार्य गर्ने व्यक्तिहरु<br>द्रष्टव्यः<br>(अ) आधारभूत बीमाङ्क रकम भन्नाले यस बीमामा रक्षावरण हुने सबै भागहरु समावेश हुने रकम हो ।<br>(आ) अतिरिक्त बीमाङ्क रकम भन्नाले आधारभूत बीमाङ्क रकम भन्दा बढी बीमाङ्क कायम गर्नु परेमा राखिने थप बीमाङ्क रकम हो । यस्तो अतिरिक्त बीमाङ्क रकम बैंकरको क्षतिपूर्ति बीमालेखको रक्षावरण "क" र "ख" खण्डको लागि मात्र लिन सकिनेछ । अतिरिक्त बीमाङ्क रकम (Additional Sum Insured) कायम गर्दा आधारभूत बीमाङ्क रकम भन्दा ३ (तीन) गुणा भन्दा बढी गर्न पाइने छैन । | रु.<br><br>रु.<br>रु.<br>.............. |

| | |
|---|---|
| (इ) कर्मचारीहरु भन्नाले उच्च पदस्थ प्रबन्धक, अधिकृत, सहायक स्तर स्थायी वा अस्थायी, पूर्णकालीन वा आंशिक, करार, ज्यालादारी, वा तालिमे (Intern) वा आउट सोर्सिङ्ग गरी काममा लगाइएका वा अन्य शर्तमा बैंकको तलबी खातामा रहेका सम्पूर्ण कर्मचारीहरु भन्ने बुझ्नु पर्छ । | |
| (७) बैंक तथा वित्तय संस्थाले अपनाएका सुरक्षा सम्बन्धी विवरण: (परिसरमा नगद राख्दा अपनाइने सुरक्षा व्यवस्थाका साथसाथै नगद ओसार पसार गर्दा अपनाइने सुरक्षा व्यवस्था) | |
| (८) के तपाई निम्न अनुसारका अतिरिक्त जोखिमहरु बीमामा समावेश गर्न चाहनु हुन्छ ?<br>(अ) हुलदंगा,हडताल, द्वेषपूर्ण कार्य र आतंकबाद सम्बन्धी जोखिम<br>(आ) प्रचलित सम्पत्ति बीमा अनुसारका जोखिम | |
| (९) बीमा गर्न चाहेको अवधि<br>देखि<br>सम्म | :<br>: |
| (१०) यस प्रस्ताव फाराममा माथि उल्लेख गरिएका बाहेक छुट हुन गएका केही विवरणहरु छन् भने उल्लेख गर्नुहोस् । | |

स्वघोषणा: म/हामी मन्जुर गर्दछु/छौं कि माथि उल्लिखित विवरणहरु साँचो हो । प्रस्तुत प्रस्ताव तथा घोषणा म/हामी तथा .................... इन्स्योरेन्स कम्पनी लि. बिचको करारको आधार हुनेछ । साथै म/हामी कम्पनीबाट तोकिएको शर्त तथा अवस्थाको अधीनमा रही बीमालेख स्वीकार गर्न मन्जुर गर्दछु/छौं ।

स्थान : ..............................

मिति: ..............................

प्रस्तावकको हस्ताक्षर/ छाप

अनुसूची-२

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**<u>नगद बीमा- प्रस्ताव फारम</u>**

| | |
|---|---|
| १. प्रस्तावकको नाम | |
| २. प्रस्तावकको ठेगाना/फोन नं./ इमेल | |
| ३. पेशा / कारोबार | |
| ४. प्रस्तावित बीमाङ्क रकम<br>(क) प्रस्तावित परिसर भित्र कुनै पनि समयमा रहने अधिकतम नगद (काउन्टरमा रहने नगद)<br>(ख) प्रस्तावित परिसर भित्र कुनै पनि समयमा रहने अधिकतम नगद (सेफ, भल्ट, स्ट्रोङ्ग रुम, एटिएममा रहने नगद)<br>(ग) कनै एक पटकमा ओसार पसार गरिने अधिकतम नगद तथा नगदजन्य उपकरणहरु | <br>रु.<br>रु.<br>रु. |
| ५. प्रस्तावित रकम रहने परिसरको ठेगाना तथा रकमको सीमा<br>(एक भन्दा बढी स्थानमा रहेको भए हरेक स्थानको लागि भिन्दा भिन्दै रकमको सीमा खुलाउनु पर्ने) | रु. |
| ६. प्रस्तावित नगद ओसार पसार गरिने क्षेत्र | |
| ७. सेफ, भल्ट, काउन्टरमा भएको नगद<br>**(क)** सेफ निर्माताको नाम / सेफको नम्बर<br>**(ख)** सेफको तौल / मुल्यः सेफको बीमा गर्नु पर्ने /नपर्ने<br>**(ग)** के सेफलाई भित्तामा जडान गरिएको (Wall mounted) छ ?<br>**(घ)** भवन भित्र सेफको अवस्थिति<br>**(ङ)** बन्द कोठा (Strong Room) को बनोट<br>**(च)** सेफ / बन्द कोठाको सुरक्षा व्यवस्थाहरु<br>**(छ)** चोर प्रतिरोधक (Anti-theft) वा अग्नि प्रतिरोधक सूचना : यन्त्र (Fire Alarm) जडान गरिएको छ ?<br>**(ज)** सेफ / बन्द कोठाको साँचो कसले राख्छ ? एक जनाले वा एक भन्दा बढीले ?<br>**(झ)** काउन्टरमा हुने नगदको सुरक्षा व्यवस्थाहरु<br>८. नगदको ओसार पसार सामान्यतया दिन/हप्ता / महिनामा कति पटक गरिन्छ ? र कनै खास पूर्व होसियारी अपनाइन्छ ? | |
| ९. नगद लैजाने अधिकतम दूरी कति हो ? | |

| | |
|---|---|
| १०. नगद लैजाने काम कसरी गरिन्छ ? हिडेर, दुई पाङ्गे वा चार पाङ्गे सवारी साधनमा (आफ्नै वा सार्वजनिक) | |
| ११. नगद ल्याउने / लैजाने कर्मचारीहरु<br>(क) कर्मचारीहरुको संख्या / नागरिकता<br>(ख) स्थायी, अस्थायी, करार वा अन्य<br>(ग) कति समय देखि कम्पनीमा कार्यरत छन् ?<br>(घ) कति समय देखि नगद लैजाने काममा छन् ?<br>(ङ) के नगद बोक्ने कर्मचारीहरुको निष्ठा जमानी (Fidelity Guarantee) बीमा गरिएको छ ? यदि छ भने बीमा कम्पनी र जमानी (बीमाङ्क रकम) उल्लेख गर्नुहोस् । | |
| १२. नगद लैजाने कामको सुरक्षा उपायहरु<br>(क) नगद लैजाने काम भन्दा अगाडि के कस्ता सुरक्षा उपायहरु अपनाइन्छ ?<br>(ख) नगदको ओसार पसारमा कति जना सुरक्षा गार्डहरुको व्यवस्था हुन्छ ?<br>(ग) के सुरक्षा गार्डहरु हतियार सहित हुन्छन् ? यदि भएमा हतियारका प्रकारहरु उल्लेख गर्नुहोस् ।<br>(घ) अन्य सुरक्षा सम्बन्धि विवरण | |
| १३. यस्तो नगद बीमा पहिले गर्नु भएको थियो ? थियो भने बीमा कम्पनी र बीमाङ्क रकम उल्लेख गर्नुहोस् ? | रु. |
| १४. हाल सम्म नगदको कुनै क्षति/हानी-नोक्सानी व्यहोर्नु परेको छ ? छ भने विवरण दिनुहोस् । | |
| १५. प्रस्तुत प्रस्ताव लागू हुने सम्बन्धमा कुनै बीमकले<br>(क) बीमा गर्न अनिच्छा देखाएको थियो ?<br>(ख) बीमा गर्न विशेष शर्त राखेको थियो ?<br>(ग) बीमा रद्द गरेको वा नवीकरण गर्न अस्वीकार गरेको थियो ?<br>(घ) बीमा नवीकरण गर्दा बीमाशुल्कमा वृद्धि गरेको थियो ? | |
| १६. प्रस्तावित परिसर<br>(क) प्रयोगको विवरण : पसल, कार्यालय, गोदाम आदि के तपाईले परिसरको सम्पूर्ण क्षेत्र ओगटनु भएको छ ?<br>(ख) यदि छैन भने अन्य बहालवालाहरुको विवरण दिनहोस ? | |



NEPAL INSURANCE AUTHORITY

| | |
|---|---|
| (ग) के प्रस्तावित परिसर रातको समयमा पनि प्रयोग गरिन्छ ? यदि गरिन्छ भने सुरक्षा उपायहरुको विवरण दिनुहोस । | |
| १७. के तपाई हुलदंगा,हडताल, द्वेषपुर्ण कार्य, आतंकबाद जोखिम समुहबाट हुने हानी नोक्सानीको समेत बीमा गर्न चाहनु हुन्छ ? | |
| १८. के तपाई प्रचलित सम्पत्ति बीमा अनुसारका जोखिमहरुको समेत बीमा गर्न चाहनु हुन्छ ? | |
| १९. बीमा गर्न चाहेको अवधि<br>देखि<br>सम्म | <br>:<br>: |
| २०. यस प्रस्ताव फाराममा माथि उल्लेख गरीएका बाहेक छुट हुन गएका केही विवरणहरु छन् भने उल्लेख गर्नुहोस् । | |

**स्वघोषणा:** म/हामी मन्जुर गर्दछु/छौं कि माथि उल्लिखित विवरणहरु साँचो हो । प्रस्तुत प्रस्ताव तथा घोषणा म/हामी तथा ..................... इन्स्योरेन्स कम्पनी लि. बिचको करारको आधार हुनेछ। साथै म/हामी कम्पनीबाट तोकिएको शर्त अवस्थाको अधिनमा रही बीमालेख स्वीकार गर्न मन्जुर गर्दछु छौं ।

स्थान : ..............................

मिति : ..............................

प्रस्तावकको हस्ताक्षर/ छाप

अनुसूची-३

(दफा ४ (१) संग सम्बन्धित)

**निष्ठा जमानी बीमा- प्रस्ताव फारम**

| | |
|---|---|
| १. प्रस्तावक (रोजगारदाता) को नाम) | |
| २. प्रस्तावकको ठेगाना/ फोन नं./ इमेल | |
| ३. व्यापार वा व्यवसाय | |
| ४. स्थापना वर्ष | |
| ५. प्रस्तावित व्यक्ति र जमानी दिनु पर्ने (बीमाङ्क रकम) | |

| जमानत दिनु पर्ने कर्मचारीको पुरा नाम | काम / पद | नोकरी अवधि | तलब | कमिशन | भता / अन्य आय | जमानत दिन पर्ने रकम (रु) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | |
|---|---|
| ६. के सबै व्यक्ति सामान्य कामको सिलसिलामा नगद, हिसाब किताब तथा माल सामानहरु सञ्चालन गर्ने वा जिम्मा लिने गर्छन्? यदि गर्दैनन् भने जमानी लिन चाहने आधार दिनुहोस् ? | |
| ७. कुनै बेला जमानी लिन चाहेका व्यक्तिको इमान्दारिता वा बानी व्यहोरा बारे प्रश्न उठेको छ ? यदि छ भने पूर्ण विवरण दिनहोस् । | |
| ८. के तपाई कनै व्यक्तिलाई कम्पनीमा नियुक्ति गर्न अगाडि ३ वर्ष अगाडि सम्मको अन्य रोजगारदाता कही काम गरेको विवरण (रेफरेन्स) लिनुहन्छ ? यदि लिनु हुँदैन भने कुन आधारमा नियुक्ति गर्नु हुन्छ ? | |
| ९. के कुनै बीमकले जमानी लिन चाहेको कुनै व्यक्तिको प्रस्ताव<br>(क) बीमा गर्न अनिच्छा देखाएको थियो ?<br>(ख) बीमा गर्न विशेष शर्त राखेको थियो ?<br>(ग) बीमा रद्द गरेको वा नवीकरण गर्न अस्वीकार गरेको थियो ? | (क)<br>(ख)<br>(ग) |



बीमा प्राधिकरण
NEPAL INSURANCE

| | |
|---|---|
| (घ) बीमा नवीकरण गर्दा बीमाशुल्कमा वृद्धि गरेको थियो ? | (घ) |
| १०. के तपाईले गत ५ वर्ष देखि यता कहिल्यै कुनै पनि कर्मचारीको जालसाजी वा बेइमानीबाट कुनै किसिमको हानी नोक्सानी व्यहोर्न परेको थियो ? यदि थियो भने मिति, रकमको साथै त्यस्तो घटना पुनः दोहोरिन नदिन के उपायहरु अपनाउनु भएको थियो ? | |
| ११. बीमा गर्न चाहेको अवधिः | ......................देखि.....................सम्म |
| १२. यस प्रस्ताव फाराममा माथि उल्लेख गरीएका बाहेक छुट हुन गएका केही विवरणहरु छन् भने उल्लेख गर्नुहोस् । | |

**स्वघोषणा:** म/हामी मन्जुर गर्दछु/छौं कि माथि उल्लिखित विवरणहरु साँचो हो। प्रस्तुत प्रस्ताव तथा घोषणा म/हामी तथा .................... इन्स्योरेन्स कम्पनी लि. बीचको करारको आधार हुनेछ। साथै म/हामी कम्पनीबाट तोकिएको शर्त अवस्थाको अधिनमा रही बीमालेख स्वीकार गर्न मन्जुर गर्दछु छौं ।

स्थान : ..............................

मिति : ...............................

प्रस्तावकको हस्ताक्षर/ छाप

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

अनुसूची-४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**बैंकरको क्षतिपूर्ति बीमालेख** (Banker's Indemnity Policy)

यो बीमालेख श्री ........................ लिमिटेड (यसपछि बीमक भनिएको) र यस बीमालेखको बुँदा नम्बर ७ बमोजिमको बैङ्कर क्षतिपूर्ति बीमालेख तालिकामा उल्लेख गरिएको बीमा गर्ने संस्था (यसपछि बीमित भनिएको) बिच भएको बीमा सम्बन्धी एउटा करार हो। बैङ्कर क्षतिपूर्ति बीमालेख तालिकामा उल्लेख भए बमोजिम बीमितले बीमकलाई गरेको लिखित प्रस्ताव र घोषणा यो बीमालेखको आधार हुनेछ। बीमितले यस बीमालेखमा उल्लेख गरिएको बीमाको शर्त, बन्देज, व्यवस्था, अपवाद, सम्पुष्टिको अधीनमा रही बीमाशुल्क भुक्तानी गरेको छ।

१. **परिभाषाः** (Definition): **यस बीमालेखको प्रयोजनको लागि,-**

(क) "कर्मचारी (Employee)" भन्नाले बैंकका सम्पूर्ण कार्यालयहरुका स्थायी वा अस्थायी, पूर्णकालीन वा आंशिक करार, ज्यालादारी वा तालिमे (Intern) वा आउट सोर्सिङ गरी काममा लगाइएका वा अन्य शर्तमा बहाल रहेका बैंकको पेरोल वा तलवी खातामा नाम रहेका सम्पूर्ण कर्मचारी तथा सिकारु सम्झनु पर्छ।

(ख) "नगद" भन्नाले नेपाल राष्ट्र बैंकले निस्काशन गरेको नेपाली बैंक नोट र सिक्का सम्झनु पर्छ।

(ग) "नगदजन्य उपकरण" भन्नाले सुन, चाँदी, गरगहना वा सुनको लाप्सा सम्झनु पर्छ ।

(घ) "सुरक्षण (सेकुरिटि)" भन्नाले परिबर्त्य विदेशी मुद्रा, ट्रेजरी नोट, बैंक ड्राफ्ट, चेक, हुलाक आदेश, धनादेश, प्रमिशरी नोट, बोन्ड, बिल अफ एक्सचेन्ज, टांचा नमारिएको हुलाक टिकट, हुलाक रसिद, हवाई प्रेषणपत्र, बिल्टि वा मालपत्र, निक्षेपको प्रमाणपत्र, कुपन, डिबेन्चर, डिमाण्ड हुण्डी, एक्सप्रेस हुलाक आदेश, बीमितले जारी गरेको मुद्दती निक्षेप पुर्जा, लरी पुर्जा, लरी टिकट, रेल्वे रसिद, मेल ट्रान्सफर, यात्रु चेक, ड्राफ्ट वा विनिमय गर्न सकिने अन्य सम्पूर्ण लिखत तथा निस्साहरु सम्झनु पर्छ।

२. **रक्षावरण** (Coverage): (१) यस बीमालेख बमोजिम बीमकले देहायका अवस्थाहरुमा देहायका जोखिमहरुबाट भएको हानी नोक्सानी वा क्षतिको क्षतिपूर्ति वा हर्जाना प्रदान गर्नेछः-

**(क) परिसरमा रहेको** (On Premises): परिसरमा रहेको देहायको अवस्थामा भएको नगद तथा नगदजन्य उपकरण र धितोमा राखिएको सुरक्षण जुनसुकै व्यक्तिले गरेको चोरी, डकैती, आगलागी वा प्रतिरोध/बलजफ्तीको कारणबाट नासिए, क्षतिग्रस्त भए वा नष्ट हुन गएमा यस बीमालेख अन्तर्गत रक्षवरण हुनेछः-

(अ) बीमित जिम्मेवार रहेको वा निजको हित निहित रहेको,

(आ) बीमितले आफ्नो जिम्मामा राख्न कवुल गरेको,

(इ) बीमाको अवधिभर जुनसुकै समयमा बीमितको परिसरमा वा सो भित्र कुनै सुरक्षित स्थानमा रहेको,

(ई) व्यवसायको स्वभाविक काम वा कामको सिलसिलामा साटफेर, सटही, विनिमय गर्न वा रजिष्ट्रेसन गराउने प्रयोजनको लागि निर्माणकर्ता वा विक्रेताकहाँ वा तिनिहरूको कुनै प्रतिनिधिकहाँ वा रजिष्ट्रेसनको कार्य गर्ने वा सो को प्रवन्ध मिलाउने काममा लगाइएको कुनै व्यक्तिकहाँ वा संस्थामा राखिएको वा जम्मा गरिएको ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "परिसर" भन्नाले बीमितको घुम्ती कार्यालय, शाखा रहित कार्यालय र एटिएम सम्झनु पर्छ।

(ख) **पारवहनमा रहेको** (In Transit): बीमितको कर्मचारीको हेलचेक्र्याई वा धोखापूर्ण कार्य वा अन्य कुनै कारणबाट त्यस्तो कर्मचारीको साथ लगाएर पारवहन (एक स्थानबाट अर्को स्थानसम्म स्थानान्तरण गर्ने कार्य) भइरहेको अवस्थामा कुनै नगद तथा नगदजन्य उपकरण वा धितो स्वरुप लिइएको सुरक्षण नष्ट भए, हराए, गलत स्थानमा राखिए वा हिनामिना भएको अवस्थामा यस बीमालेख अन्तर्गत रक्षवरण हुनेछ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "पारवहनमा रहेको" भन्नाले नगद, नगदजन्य उपकरण तथा धितोको लागि राखिएका सुरक्षणहरुको रक्षावरण बीमितको तर्फबाट पारबहनका लागि खटिएका व्यक्तिले प्राप्त गरेको समय र स्थानदेखि सो को निश्चित गन्तव्य स्थानमा हस्तान्तरण नभएको अवधि सम्झनु पर्छ।

(ग) **जालसाजी, किर्ते वा हेरफेर** (Fraud, Forgery or Alteration) : काउन्टरमा बुझेको वा क्लियरिङ वा हुलाक/कुरियर बाट प्राप्त भएको नक्कली, काल्पनिक, जाली वा किर्ते गरी बनाएको चेक वा ड्राफ्ट, बीमितले जारी गरेको वास्तविक चेक वा यात्रु चेक वा दान उपहारमा दिएको चेक, मुद्दति निक्षेपको पूर्जामा जालसाजीको रुपमा दरपिठ भएको वा त्यस्ता लिखत निस्साहरु सक्कली मानी भुक्तानी गरिएको अवस्थामा यस बीमालेख अन्तर्गत रक्षवरण हुनेछ।

(घ) **बेइमानी/अपराधिक क्रियाकलाप** (Dishonesty/Criminal Activities) : बीमितको कर्मचारीलेले एक्लै वा अन्य व्यक्तिसंगको मिलेमतोमा गरेको बेइमानी वा आपराधिक कार्यबाट बीमितको नगद, नगदजन्य उपकरण, सुरक्षण तथा धितोको लागि राखिएका सुरक्षणहरुमा हानी नोक्सानी पुग्न गएको अवस्थामा यस बीमालेख अन्तर्गत रक्षवरण हुनेछ।

(ङ) **धितो/बन्धक राखिएको सामान** (Hypothecated Goods) :बीमित समक्ष धितो वा बन्धक राखिएको र बीमितको नियन्त्रणमा रहेका कुनै नगद, नगदजन्य उपकरण, सुरक्षण सम्बन्धमा बीमितको कर्मचारीलेले गरेको जालसाजी, हेरफेर र बेइमानी बाट सिर्जित हानी नोक्सानी भएको अवस्थामा यस बीमालेख अन्तर्गत रक्षवरण हुनेछ।

(२) यस बीमालेखमा उल्लेख गरिएको बीमाको शर्त, बन्देज, व्यवस्था, अपवाद, सम्पुष्टिको अधीनमा रही बीमकले बीमितलाई अनुसूचीमा उल्लेखित कुनै नगद वा नगदजन्य उपकरण वा सुरक्षण वा धितोको रुपमा राखिएको नगदजन्य उपकरण र सुरक्षणको अनुसूचीमा उल्लेखित बीमा गरिएको समयावधि भित्र

वा नवीकरण भई कायम रहेको बीमा अवधि भित्र भएको कुनै प्रत्यक्ष हानी नोक्सानी वा क्षति उल्लेखित समयावधि भित्र पत्ता लागेमा यस बीमालेख अनुसार सो को क्षतिपूर्ति दिइनेछ ।

३. **क्षतिपूर्तिको सीमा** (Limitation of Indemnity) :कुनै प्रत्यक्ष हानी नोक्सानीको सम्बन्धमा यस बीमालेख अन्तर्गत दिइने क्षतिपूर्ति देहाय भन्दा बढी हुने छैनः-

(क) बीमितको कुनै कर्मचारीले आफै वा अन्य कर्मचारीसँग मिली संयुक्त रुपमा बीमितलाई हानी नोक्सानी हुने कुनै काम वा कामहरु गरेको वा नगरेको अवस्थामा एक बीमा अवधिभित्र कार्य गरे वा नगरेको कारणबाट हुन गएको हानी नोक्सानीको सम्बन्धमा बीमा गरिएको रकम वा बीमाङ्कमा नबढ्ने गरी क्षति वा हानी नोक्सानी भएको रकम।

(ख) बीमाको कुनै एक अवधिमा एक भन्दा बढी घटनाबाट भएको सम्पूर्ण हानी नोक्सानीको सम्बन्धमा बिमाङ्कको दोब्बर रकम सम्म।

४. **प्रतिबन्धात्मक व्यवस्थाहरु** (Provision): यस बिमालेखका देहाय बमोजिमका प्रतिबन्धात्मक व्यवस्थाहरू रहेका छनः-

**(क) बीमितले व्यहोर्नु पर्ने पहिलो अधिक रकम** (Excess)

यस बिमालेखको बुँदा नं. २ को खण्डको (क),(ख),(ग) र (ङ) बमोजिमको हानी नोक्सानीको बीमितले बैङ्कर क्षतिपूर्ति बीमालेख तालिकामा उल्लेख भए बमोजिमको पहिलो न्यूनतम अधिक रकम (एक्सेस) व्यहोर्नु पर्नेछ । बुँदा नं. २ को खण्ड (क) मा उल्लेखित हरेक घटना र खण्ड (ग) मा उल्लेखित कार्य तथा घटनाहरु मध्ये हरेक घटनाबाट उत्पन्न हानी नोक्सानीलाई भिन्नै हानी नोक्सानीको रुपमा लिइनेछ । बीमकले सुरुमै हानी नोक्सानी बापत अग्रिम भुक्तानी गरेको रहेछ भने बीमितले अधिक (एक्सेस) रकम बीमकलाई फिर्ता गर्नु पर्नेछ।

(ख) पुनर्स्थापना (Reinstatement)

यो बीमालेखको अवधिभर बीमा सुरक्षण गरिएको भिन्ना भिन्नै शिर्षकमा रहेको रकमको अधिकतम सीमासम्म कायम राखिनेछ । सोही बीमालेख अन्तर्गत कुनै हानी नोक्सानीको अन्तिम छिनोफानो भई सकेपछि बाँकी बहाल अवधिको लागि बीमितले समानुपातिक बीमाशुल्क रकम बीमकलाई भुक्तानी गरी दाबी रकमले कम हुन आएको बीमाङ्क रकम पहिलेको सीमासम्म हुने गरी बाँकी अवधिको लागि थप बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ। त्यस्तो थप बीमाशुल्क रकम बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने खुद दाबी रकम बाट घटाइनेछ।अधिकतम सीमाको यो अविच्छिन्न परिधि भित्र बीमकले कुनै हानी नोक्सानीको लागि भुक्तानी गरिसकेको भए पनि र हानी नोक्सानी पत्ता लागिसकेपछि उल्लेखित थप बीमाशुल्क रकम वास्तविक रुपमा भुक्तानी भइसकेको भए वा नभए जे भए पनि उपलब्ध हुनेछ । यो प्रकरणमा गरिएको व्यवस्थाको स्पष्ट मनसाय अनुसार एउटै वा छुट्टा छुट्टै मितिमा उत्पन्न हानी नोक्सानीका लागि गरिएका छुट्टा छुट्टै दाबीहरुको संख्या

उल्लेखित बमोजिमको कुनै हानी नोक्सानीको छिनोफानो गर्दा थप बीमाशुल्क कट्टा गरेर मात्र भुक्तानी पाउने बीमकको अधिकार हुनेछ।

तर बीमकको दायित्व कुनै एक अवधिमा परेका सम्पुर्ण दाबीहरुको सम्बन्धमा जम्मा दाबी रकम बीमाङ्क रकमको अधिकतम दुई गुणा सम्म मात्र हुनेछ र कुनै एक दाबीमा सम्बन्धित बीमाङ्क रकमको सीमा सम्म मात्र दाबी भुक्तानी हुनेछ। कुनै एउटा व्यक्तिले कुनै कार्य गरे वा नगरेबाट उत्पन्न हुने नोक्सानीको सम्बन्धमा बीमा गरिएको सम्बन्धित रकमको अधिकतम सीमासम्म मात्र सीमित रहनेछ।

(ग) **बीमा सुरक्षणको भूत प्रभावी अवधि** (Retroactive Period of Cover) :-देहायका कुराहरुको लागि बीमक उत्तरदायी हुनेछैन :-

(अ) यो बीमालेख बीमा अवधि समाप्त भएको वा रद्द गरिएको मितिले छ महिना भित्र पत्ता नलगाएको कुनै हानी नोक्सानी।

तर उक्त छ महिनाको अवधिभित्र कायमै रहने गरी बीमित वा अन्य बीमा अन्तर्गत बीमित वा अन्य कुनै व्यक्तिबाट अन्य कुनै बीमा गरिएको रहेछ भने यो बीमालेखको व्यवस्था त्यस्तो अन्य बीमा अन्तर्गत पर्ने कुनै हानी नोक्सानीको सम्बन्धमा लागू हुने छैन । साथै त्यस्तो हानी नोक्सानीको सम्बन्धमा यस बीमालेख अन्तर्गत कुनै क्षतिपूर्ति दिइने छैन।

(आ) कुनै हानी नोक्सानी पत्ता लागेमा उक्त हानी नोक्सानी पत्ता लागेको मितिबाट बढीमा दुई वर्ष अघिको अवधि (भूत प्रभावी अवधि) भित्र उक्त हानी नोक्सानी सिर्जना गर्ने घटना घटेको हुनु पर्छ ।

तर त्यस्तो भूत प्रभावी अवधिमा बीमा अविच्छिन्न रुपमा लागू भएको हुनु पर्नेछ। कुनै पनि अवस्थामा बीमालेख प्रारम्भमा जारी भएको मिति अगाडी भएको कुनै हानी नोक्सानीको सम्बन्धमा क्षतिपूर्ति दिन बीमक बाध्य हुने छैन।

(घ) **सुरक्षणको मूल्यांकन** (Valuation of Securities): कुनै हानी नोक्सानीको मूल्यांकन गर्दा त्यस्तो हानी नोक्सानी पत्ता लागेको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर/मूल्य वा भाउको नेपाली रुपैयाको हिसावमा सुरक्षणहरुको मूल्य निर्धारण गरिनेछ।

५. **<u>बीमालेखले नसमेट्ने अवस्थाहरु</u>** (Exception) : यस बीमालेख अर्न्तगत देहायको अवस्थामा बीमकले दाबी भुक्तानी गर्ने छैन :

(क) देहायका घटनाहरुको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हुन गएको कुनै हानी नोक्सानी

(अ) भूकम्प, ज्वालामुखी वा भूमिगत (पृथ्वीको सतहमुनी) आगलागी वा अरु कुनै प्राकृतिक प्रकोप (Convulsion) (अतिरिक्त बीमाशुल्क तिरी रक्षावरण थप गर्न सकिने)

(आ) बाढी, जलमग्न, आंधीबेहरी, हुरी बतास वा अरु कुनै वातावरणीय उथलपुथल (अतिरिक्त बीमाशुल्क तिरी रक्षावरण थप गर्न सकिने)

(इ) हुलदंगा, हडताल, द्वेषपुर्ण कार्य र आतंकवाद जोखिम समुह (अतिरिक्त बीमाशुल्क तिरी रक्षावरण थप गर्न सकिने)

(ई) युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा कुनै युद्ध सरहको कारवाही (घोषित वा अघोषित) वा गृहयुद्ध

(उ) सैनिक बिद्रोह, क्रान्ति वा शक्ति अपहरण (Usurped Power) वा जंगी कानून वा घेराबन्दी स्थितिको घोषणा

यस खण्डमा उललिखित कुनै पनि घटनाहरुको कारणबाट उत्पन्न असामान्य स्थिति (भौतिक वा अन्य) को अवस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भएको हानी नोक्सानी यस बीमालेख अन्तर्गत पर्ने छैन।

(ख) बीमितको तलवी कर्मचारी बाहेक सञ्चालक वा साझेदारहरुवाट हुन गएको गलत कार्य वा भूलको कारणले हुन गएको पुरा वा आंशिक हानी नोक्सानी ।

(ग) हानी नोक्सानी हुनु भन्दा अगावै बीमितबाट सांकेतिक वा न्यूनतम मूल्य र विवरण सुनिश्चित नगरिएका बीमितको जिम्मामा राखिएका कुनै नगद, नगदजन्य उपकरण, सुरक्षण र धितोको लागि लिइएको सुरक्षण वा वैयक्तिक सम्पत्तिको हानी नोक्सानी ।

(घ) बीमित वा अरु कसैको नाममा गरिएको र बीमितको जानकारीमा रहेको वा नरहेको जे भएता पनि वास्तविक वा काल्पनिक व्यापारबाट उत्पन्न हुन गएको प्रत्यक्ष वा अप्रत्यक्ष हानी नोक्सानी तथा सो व्यापारको सम्बन्धमा वा सो को हिसाव किताव विवरण राख्ने सम्बन्धमा कर्मचारीलेले कुनै काम गरेको वा नगरेको कारणबाट उत्पन्न हानी नोक्सानी ।

(ङ) यस बीमालेखमा सुरक्षण गरिएको जोखिम/अवस्था बाट भएको क्षति/हानी नोक्सानीको परिणामस्वरुप सिर्जना भएको क्षति/हानी नोक्सानी (Consequential Loss) तथा आणविक हातहतियार वा तत्सम्बन्धी पदार्थ, आणविक विकिरण वा आणबिक इन्धन वा आणबिक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भएको कुनै क्षति/हानी नोक्सानी वा सो बाट सिर्जित कुनै किसिमको कानूनी दायित्व ।

(च) बीमितको आफ्नै वा निजले अरु कुनै व्यक्तिसंग करार सेवाको आधारमा वा अन्य कुनै तवरबाट हक हिस्सा राखेको कुनै कम्प्युटरबाट गलत कम्प्युटर प्रोगाम वा कर्मचारीलेवा बाहिरी कुनै व्यक्तिले कम्प्युटर प्रोगामको जालसाजीपूर्ण प्रयोगबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उत्पन्न हानी नोक्सानी ।

(छ) कुनै कर्मचारीलेबदनियत राखी संलग्न भएको कुनै हानी नोक्सानी पत्ता लागिसकेपछि त्यस्तो सम्बन्धित कर्मचारीलेकुनै कार्य गरेको वा नगरेको कारणबाट उत्पन्न हानी नोक्सानी ।

**६. <u>शर्तहरु</u> (Conditions)**

**(क) सूचना (Notice)**

यस बीमालेख अन्तर्गत दिइने वा गरिने प्रत्येक सूचना वा पत्र व्यवहार बीमकको कार्यालयमा लिखित रुपमा दिनु वा गर्नु पर्नेछ ।

**(ख) झुठ्ठा बयान** (Misdescription)

यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति वा सो सम्पत्ति रहेको कुनै भवन वा स्थानको बारेमा बीमित/प्रस्तावकले आफूलाई जानकारी भएको विषयमा मूलभूत विवरण दिँदा झुठा विवरण दिएमा वा जोखिम बिश्लेषण गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठा कुरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य छुट हुन गएमा वा यदि कुनै जालसाजी भएमा वा बीमित वा बीमितको तर्फबाट काम गर्ने व्यक्तिले यस बीमालेख अन्तर्गत कुनै लाभ उठाउने उद्देश्यले जालसाजीबाट हानी नोक्सानी हुन गएमा यस बीमालेख अन्तर्गत दाबी भुक्तानी हुने छैन ।

**(ग) सावधानी** (Reasonable Care)

बीमितले बीमा गरिएको सम्पत्तिलाई कुनै दुर्घटना, हानी नोक्सानी वा क्षतिबाट बचाउनको लागि पर्याप्त सावधानी अपनाउनु पर्दछ । सबै बीमा गरिएको सम्पत्ति राखिएको परिसरको सबै झ्यालढोका तथा अन्य निकासहरु मजबुत राख्न तथा परिसर/कोठाहरुको सुरक्षणको लागि समेत सम्पूर्ण मनासिव उपायहरु अपनाउनु पर्नेछ ।

**(घ) लेखापरीक्षण** (Audit)

बीमितको लेखा तथा अन्य स्रेस्ताहरु प्रत्येक वर्ष रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

**(ङ) बीमालेखको खारेजी** (Cancellation Clause):

(अ) बीमकले पर्याप्त कारण खुलाई बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको पन्ध्र दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ।

(आ) बीमितले बीमकलाई पन्ध्र दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ।यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ।

| अवधि | वार्षिक बीमाशुल्कको प्रतिशत |
|---|---|
| एक हप्तासम्म | १० प्रतिशत |
| एक महिनासम्म | २० प्रतिशत |
| दुई महिनासम्म | ३० प्रतिशत |
| तीन महिनासम्म | ४० प्रतिशत |
| चार महिनासम्म | ५० प्रतिशत |
| पाँच महिनासम्म | ६० प्रतिशत |
| छ महिनासम्म | ७० प्रतिशत |

| | |
|---|---|
| सात महिनासम्म | ८० प्रतिशत |
| आठ महिनासम्म | ९० प्रतिशत |
| आठ महिना भन्दा बढीको लागि | १०० प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख कायम रहेको अवधिभर कुनै दाबी नभएको हुनु पर्नेछ ।

**(च) दाबी सम्बन्धी कार्यविधि** (Claim Procedure) : यस बीमालेख अन्तर्गत कुनै दाबीको सिर्जना भएको वा हुन सक्ने कुनै घटना उत्पन्न भएपछि बीमितले देहाय वमोजिमको कार्यविधि अवलम्वन गर्नु पर्नेछ :-

(अ) प्रहरी कार्यालयमा तत्काले दरखास्त दिनु पर्नेछ र हराए नासिएको सम्पत्ति प्राप्त गर्न प्रचलित कानून बमजिम पक्राउ गर्नको लागि सबै सम्भव उपायहरु अवलम्बन गर्नु पर्नेछ। साथै निजको विरुद्ध उपयुक्त विभागीय कारवाही गर्नु गराउनु पर्नेछ।

(आ) यस्तो दाबीको सूचना तत्कालै बीमकलाई दिनु पर्नेछ र त्यसपछि यथासम्भव छिटो बीमितले हानी नोक्सानी वा क्षति भएको रकमको विस्तृत विवरणको साथै बीमकले मनासिव रुपमा माग गर्न सक्ने दाबी प्रमाणित गर्ने सबै प्रमाण तथा स्पष्ट विवरण बीमक समक्ष पेश गर्नु पर्नेछ।

**(छ) हिसाब किताब श्रेस्ताको जांच** (Examination of Books of Accounts)

बीमितलाई कुनै हानी नोक्सानी पुगेको खण्डमा बीमकले चाहेको बखत बीमकको प्रतिनिधिले त्यस्तो हानी नोक्सानीको परिस्थितिको अध्ययन, परीक्षण गर्न पाउने छ र बीमकले माग गरेपछि बीमितले आफूसंग वा आफ्नो जिम्मामा रहेको सो हानी नोक्सानी क्षति संग सम्बन्धित वा सो संग सम्बन्धित हुन सक्ने टिपोटहरु, भएका सबै श्रेस्ता, हिसाब किताब विवरण, पूर्जा वा निस्सा र कागजातहरु पेश गर्नु पर्नेछ । त्यस्ता दाबीसंग सम्बन्धित वा उक्त दाबीको सत्यतथ्य पत्ता लगाउन वा यस बीमालेख बमोजिम बीमकको दायित्व निर्धारण गर्न कुनै किसिमबाट बीमकलाई सहयोगी हुन सक्ने बीमकबाट माग गरिएका सम्पूर्ण कागजात एवं दस्तावेजहरुको प्रतिलिपी तथा विवरण पेश गर्नु पर्नेछ ।

**(ज) पुनः प्राप्त गर्ने अधिकार** (Right to Recoveries)

कुनै कर्मचारीले बदनियत राखी कुनै कार्य गरेको वा नगरेको कारणबाट परेको दाबी भुक्तानी गर्नु पर्दा त्यस्तो कामदारलाई बीमितले तिर्नु बुझाउनु बाँकी कुनै पनि रकम भएमा दाबी भुक्तानी गर्नु पर्ने रकमबाट त्यस्तो रकम कट्टा गरिनेछ । दाबी भुक्तानी गर्दा बीमकले उक्त कामदार वा कर्मचारीको जिम्मामा रहेको वा कब्जामा रहेको तथा निजको अधिकार अन्तर्गत पर्न आउने चल, अचलधनमाल, सम्पत्ति वा सामानबाट असुल उपर गरी रकम भुक्तानी गर्ने प्राथमिकता दिनेछ ।

दाबी गरिएको कुनै पनि सम्पतिको प्राप्तिको लागि बीमकले आफ्नो वा बीमितको नामबाट सबै उपायहरु अवलम्बन गर्न पाउनेछ र बीमितले बीमकलाई उक्त कार्यमा आवश्यक सहयोग गर्नुको साथै सम्बन्धित



नेपाल बीमा प्राधिकरण ★ NEPAL INSURANCE AUTHORITY ★

सूचनाहरु उपलब्ध गराउनु पर्नेछ। बीमितले छिनोफानो गरिने सम्पत्ति उपरको निजको कानूनी एकाधिकार रहेको प्रमाण पनि बीमक समक्ष प्रस्तुत गर्नुपर्नेछ।कुनै दाबीको छिनोफानो गरिसकेपछि प्राप्त गरिएको कुनै धनमाल बीमकको सम्पत्ति मानिनेछ।

तर बीमकले भुक्तानी गरेको रकम भन्दा बढी रकममको हकमा यो व्यवस्था लागू हुने छैन ।

**(झ) प्रत्यासन** (Subrogation)

बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति/हानी नोक्सानीको अन्य कुनै पक्षबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पनु पर्नेछ । बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बखत पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारवाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ ।

**(ञ) योगदान** (Contribution)

यस बीमालेखले सुरक्षण प्रदान गर्ने कुनै क्षतिको सम्बन्धमा अन्य बीमाले पनि सुरक्षण प्रदान गरेको रहेछ भने बीमकले यस सम्बन्धी समानुपातिक रकम भन्दा बढी भुक्तानी गर्न बाध्य हुने छैन ।

**(ट) जालसाजी** (Fraud)

दाबी जालसाजीपूर्ण भएमा वा बीमितले कुनै जालसाजीपूर्ण तरिका वा उपाय अवलम्वन गरेमा वा निजको तर्फबाट कसैले अनुचित फाइदा लिन खोजेमा वा सुनियोजित तवरबाट कुनै विध्वंश वा हानी नोक्सानी वा क्षति पुर्याएमा वा बीमितको सुविधाको लागि कुनै कार्य गरेमा यो बीमालेख अनुसारको पसम्पूर्ण फाइदाहरु नपाईने र यदी भएमा कानून असुल जफत गरिनेछ ।

**(ठ) मध्यस्थता** (Arbitration)/(Dispute Settlement Clause)

यो बीमालेख अन्तर्गत भुक्तानी गर्नुपर्ने परिमाण, बीमालेखको शर्त, सुविधा तथा अपवाद आदिमा कुनै किसिमको विवाद हुन आएमा बीमा ऐन, २०७९ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**(ड) पालना गर्नु पर्ने** (Observance of Terms & Conditions):

यस बीमालेख अन्तर्गत पालना गर्नुपर्ने वा पुरा गर्नुपर्ने शर्त, बन्देज वा बीमालेखमा समावेश गरिएका सम्पुष्टिहरु बीमितको हकमा केही गर्नुपर्ने वा पालना गर्न बाध्यकारी हुने अवस्थामा तथा प्रस्ताव फाराममा उल्लेखित भनाईको सत्यता यस बीमकको बीमालेख दायित्वको आधार हुनेछ ।



बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

**७. बैंकरको क्षतिपूर्ति बीमालेख तालिकाः** बैंकरको क्षतिपूर्ति बीमालेख तालिका देहाय बमोजिम रहेको छः-

| |
|---|
| बीमालेख नं. :<br>बीमालेख प्रस्ताव मिति : |
| बीमालेख जारी मिति र समयः<br>बीमालेख जारी भएको स्थान : |
| बीमितको नाम : |
| बीमितको ठेगाना : |
| फोन नं. :<br>फ्याक्स नं. : |
| इमेल :<br>पो.ब.नं.: |
| बीमालेख अवधि : मिति ...... देखि मिति...... सम्म (रातको १२ बजे) |
| अभिकर्ताको कोड नं. : |
| रक्षावरण गरिएका अवस्था तथा जोखिमहरु |
| (१) आधारभूत बीमाङ्क (रक्षावरणको बुंदा नं. (क) देखि (ङ) सम्म) रु. ........<br>(२) अतिरिक्त बीमाङ्क (रक्षावरणको बुंदा नं. (क) को लागि) रु. ........<br>(३) अतिरिक्त बीमाङ्क (रक्षावरणको बुंदा नं. (ख) को लागि) रु. ........<br>(४) कुनै एक एटिएममा राखिएको अधिकतम नगद रु. ........ |
| सम्पत्ति बीमालेख अन्तर्गतका जोखिमहरु समावेश भएको/ नभएको :<br>हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य र आतंकबाद सम्बन्धी जोखिम समूह समावेश भएको/ नभएको : |

**बीमाशुल्क गणना :**

| क्र. सं | रक्षावरण | बीमाङ्क रकम | दर तालिका (प्रतिशत) | बीमाशुल्क रकम |
|---|---|---|---|---|
| १ | आधारभूत जोखिम | | २.७५ | |
| २ | अतिरिक्त जोखिम<br>(अ)<br>(आ) | | <br>१<br>१ | |
| ३ | निष्ठा जमानी जोखिम ( जम्मा कर्मचारी संङ्ख्या) | | रु १० प्रति व्यक्ति | |
| ४ | सम्पत्ति बीमालेख अन्तर्गतका जोखिमहरु | | ०.१५ | |
| ५ | प्राधिकरणबाट स्वीकृत अन्य जोखिमहरु | | | |
| | बीमा शुल्क | | | |



बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| ६ | बीमा अभिकर्ताको प्रयोग नगरी प्रत्यक्ष बीमालेख बिक्री गरिएको अवस्थामा हुलदङ्गा तथा आतङ्कवाद जोखिमको बीमाशुल्क बाहेक अन्य बीमाशुल्कमा बढीमा अभिकर्ता कमिशन बराबरको रकम वा पाँच प्रतिशत रकम छुट | | | |
| | बीमाशुल्क | | | |
| ७ | हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य र आतंकबाद सम्बन्धी जोखिम समूह | | ०.६५ | |
| ८ | जम्मा बीमाशुल्क | | | |
| ९ | मु.अ.क | | | |
| १० | हुलाक टिकट दस्तुर | | | |
| ११ | कुल बीमाशुल्क | | | |

**<u>अधिक (एक्सेस/डिडक्टिवल)</u>**

**<u>सम्पुष्टिहरु :</u>**

अधिकार प्राप्त अधिकारीको हस्ताक्षरः………………

मितिः…………………………………………

नाम थरः…………………………………………

पदः…………………………………………

शाखाः…………………………………………

बीमकको छापः…………………………………

*(बीमकले आवश्यक ठानेमा यस अनुसूचीमा उल्लेख गरिएको बीमालेख तालिकालाई सहयोग पुग्ने अन्य कागजात तथा विवरण तयार गर्न सक्नेछ र त्यसरी तयार गरिएको कागजात तथा विवरण यसै तालिकासंग संलग्न गरी राख्नु पर्नेछ ।)*

*<u>द्रष्टव्यः</u> बीमकले बीमितलाई बीमालेख तालिका सँगै बीमालेख तथा अन्य सम्बन्धित कागजात उपलब्ध गराउनु पर्नेछ ।*



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

अनुसूची-५

(दफा ४को उपदफा (४) संग सम्बन्धित)

**नगद बीमालेख**

यो बीमालेख श्री ..................................इन्स्योरेन्स कम्पनी लिमिटेड (यसपछि बीमक भनिएको) र यस बीमालेखको बुँदा नम्बर ५ बमोजिमको नगद बीमालेख तालिकामा उल्लेख गरिएको बीमा गर्ने संस्था (यसपछि बीमित भनिएको) बिच भएको बीमा सम्बन्धी एउटा करार हो। नगद बीमालेख तालिकामा उल्लेख भए बमोजिम बीमितले बीमकलाई गरेको लिखित प्रस्ताव र घोषणा यो बीमालेखको आधार हुनेछ। बीमितले यस बीमालेखमा उल्लेख 2गरिएको शर्त, बन्देज, व्यवस्था, अपवाद, सम्पुष्टिको अधीनमा रही बीमाशुल्क भुक्तानी गरेको छ।

१. **परिभाषा** (Definition): यस बीमालेखको प्रयोजनको लागि,-

(क) "कर्मचारी (Employee)" भन्नाले बैंकका सम्पूर्ण कार्यालयहरुका स्थायी वा अस्थायी, पूर्णकालीन वा आंशिक करार, ज्यालादारी वा तालिमे (Intern) वा आउट सोर्सिङ गरी काममा लगाइएका वा अन्य शर्तमा बहाल रहेका बैंकको पेरोल वा तलवी खातामा नाम रहेका सम्पूर्ण कर्मचारी तथा सिकारू सम्झनु पर्छ ।

(ख) "चोरी (Theft) भन्नाले बीमितको नगदको बेइमानीपूर्ण हिनामिना, दुरुपयोग, तथा हरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले बीमितको नगद, नगदजन्य उपकरण र सुरक्षण लुटपाट गर्ने, खोस्ने वा झुक्याउने तथा बीमितलाई निजसंग भएको नगद, नगदजन्य उपकरण र सुरक्षणबाट कानून बमोजिम बाहेक अन्य जुनसुकै तरिकाले वञ्चित गर्ने कार्य सम्झनु पर्छ।

(ग) "डकैति (Robbery)" भन्नाले बीमितको कामदार वा कर्मचारी विरुद्ध अनपेक्षित, आक्रामक तथा हिंसात्मक तरिका अपनाई रकम चोरी गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "नगद" भन्नाले नेपाल राष्ट्र बैंकले निस्काशन गरेको नेपाली बैंक नोट र सिक्का सम्झनु पर्छ।

(ङ) "नगदजन्य उपकरण" भन्नाले सुन, चाँदी, गरगहना, सुनको लाप्सा सम्झनु पर्छ।

(च) "परिवर्त्य विदेशी मुद्रा (Convertible Foreign Currency)" भन्नाले दाबी परेको समयमा नेपाल राष्ट्र बैंकबाट सटही दर प्रकाशन उपलब्ध भएको विदेशी मुद्रा सम्झनु पर्छ।

(छ) "मार्गस्थ नगद (Cash in Transit)" भन्नाले बीमितको अधिकार प्राप्त व्यक्तिको नियन्त्रणमा रही नेपाल भित्र नगद ओसार पसार वा स्थानान्तरण भइरहेको अवस्था सम्झनु पर्छ।

(ज) "रात्री बास (Overnight Stoppage)" नगद स्थानान्तरणको क्रममा बाटोमा कतै रात परी बास बस्नु परेको अवस्था सम्झनु पर्छ।

(झ) "सुरक्षण (सेकुरिटि)" भन्नाले परिबर्त्य विदेशी मुद्रा, ट्रेजरी नोट, बैंक ड्राफ्ट, चेक, हुलाक आदेश, धनादेश, प्रमिशरी नोट, बोन्ड, बिल अफ एक्सचेन्ज, हुलाक टिकट, हुलाक रसिद, हवाई प्रेषणपत्र, बिल्टि वा मालपत्र, निक्षेपको प्रमाणपत्र, कुपन, डिबेन्चर, डिमाण्ड हुण्डी, एक्सप्रेस हुलाक आदेश, बीमितले जारी गरेको मुद्दती निक्षेप पुर्जा, लरी पुर्जा, लरी टिकट, रेल्वे रसिद, मेल ट्रान्सफर, यात्रु चेक, ड्राफ्ट वा विनिमय गर्न सकिने अन्य सम्पूर्ण लिखत तथा निस्साहरु, सम्झनु पर्छ।

(ञ) सेंधमारी (Burglary) : यस बीमालेखको प्रयोजनको लागि "सेंधमारी" भन्नाले नगद चोर्ने वा नगद रहेको स्थान पत्ता लगाउने नियतले आक्रामक रुपमा बीमितको परिसरमा प्रवेश गर्ने र अनधिकृत बहिर्गमन गर्ने कार्य सम्झनु पर्छ ।

(ट) "होल्ड अप (Hold Up)" भन्नाले सांघातिक हतियार सहितको अवरोध, रोकावट, डर, त्रास वा धम्की दिई बीमित, बीमितको कर्मचारी वा निजहरूको परिवारलाई नियन्त्रणमा लिएको अवस्था सम्झनु पर्छ ।

२. **रक्षावरण** (Coverages): यस बीमालेख बमोजिम बीमकले देहायका अवस्थाहरूमा देहायका जोखिमहरुबाट भएको क्षति वा हानी नोक्सानीको क्षतिपूर्ति प्रदान गर्नेछः-

(क) बीमितको परिसर भित्र कार्यालय समयमा रहेको नगद तथा नगदजन्य उपकरण र सुरक्षण चोरी, सेंधमारी, होल्ड अप, डकैति वा तोडफोड भई भएको नगदको क्षति वा हानी नोक्सानी,

(ख) बीमितको परिसर भित्र रहेको सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी वा स्ट्रंग रूममा नगद तथा नगदजन्य उपकरण र सुरक्षण राखेको अवस्थामा चोरी, सेंधमारी, होल्ड अप, डकैति वा तोडफोड भई भएको नगदको क्षति वा हानी नोक्सानी,

(ग) बीमित वा बीमितको कामदार वा कर्मचारी वा आधिकारिक प्रतिनिधिको साथ लगाई पठाएको (रात्री बास भएको वा नभएको दुबै) अवस्थामा चोरी, सेंधमारी होल्ड अप, डकैति वा सो को कारणबाट वा अपवादमा उल्लेख गरिए भन्दा अन्य कारणबाट मार्गस्थ नगदको क्षति वा हानी नोक्सानी,

(घ) बीमितको परिसर भित्र रहेको सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन(CDM), आलमारी वा स्ट्रंग रूममा राखिएको नगद तथा नगदजन्य उपकरण र सुरक्षणको चोरी, सेंधमारी, होल्ड अप, डकैति वा तोडफोड भई भाएको नगदको क्षति वा हानी नोक्सानी,

(ङ) बीमितको परिसरमा भित्र रहेको नगदजन्य उपकरण चोरी, सेंधमारी, डकैति वा तोडफोड भएको अवस्थामा कर्मचारी वा कामदारको व्यक्तिगत नगदको हानी नोक्सानी भएमा प्रति बीमा अवधि बढीमा दश हजार रुपैँया सम्म।

(च) बीमालेख जारी गर्दाको बखतमा अनुसूचीमा उल्लेख गरी सम्पुष्टिमा थप गरिएमा अन्य जोखिमहरू।

३. **बीमालेखले नसमेट्ने अवस्थाहरू** (Exceptions): यस बीमालेख अन्तर्गत देहायको कारणबाट हुन गएको क्षति वा हानी नोक्सानीको बीमकले दाबी भुक्तानी गर्ने छैनः-

(क) भूकम्प, ज्वालामुखी वा भूमिगत (पृथ्वीको सतहमुनी) आगलागी वा अरु कुनै प्राकृतिक प्रकोप (Convulsion) अतिरिक्त बीमाशुल्क तिरी रक्षावरण थप गर्न सकिने)

(ख) बाढी, जलमग्न, आंधीबेहरी, हुरी बतास वा अरु कुनै वातावरणीय उथलपुथल (अतिरिक्त बीमाशुल्क तिरी रक्षावरण थप गर्न सकिने)

(ग) हुलदंगा, हडताल, द्वेषपुर्ण कार्य र आतंकवाद जोखिम समुह (अतिरिक्त बीमाशुल्क तिरी रक्षावरण थप गर्न सकिने)

(घ) युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा कुनै युद्ध सरहको कारवाही (घोषित वा अघोषित) वा गृहयुद्ध



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(ङ) सैनिक बिद्रोह, क्रान्ति वा शक्ति अपहरण (Usurped Power) वा जंगी कानून वा घेराबन्दी स्थितिको घोषणा

(च) भूलचुक,

(छ) नगदको लेखाङ्कन तथा लेखा स्रेस्ताको गल्ती,

(ज) बीमित वा बीमितको कर्मचारी वा आधिकारिक प्रतिनिधि बाहेक अन्यलाई सुम्पेको कारण,

(झ) मार्गस्थ नगदको साथमा रहेको कर्मचारी वा अधिकारिक प्रतिनिधि बाहेक बीमित स्वयं, साझेदार वा सञ्चालकबाट भएको बेइमानी, धोका वा जालसाजी,

(ञ) कार्यालय समय पछि सेफ, आलमारी वा स्ट्रंग रूममा नगद नराखेको कारण,

(ट) हुलाक वा कुरियरबाट नगद ओसारपसार गरेका कारण,

(ठ) आणविक हात हतियार वा तत्सम्बन्धी पदार्थको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष भएको क्षति/हानी नोक्सानी, आणविक विकिरण वा आणविक इन्धन वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भएको कुनै क्षति/हानी नोक्सानी,

(ड) मान्छे नभएको (Unattended) सवारी साधनमा नगद छोडी गएको कारण,

(ढ) जबरजस्ती वा हिंसात्मक तरिकाले साँचो वा एक्सेस कोड लिएर सेफ, आलमारी वा स्ट्रंग रूममा राखेको नगद, नगदजन्य उपकरण र सुरक्षणको हानी नोक्सानी बाहेक साँचो वा एक्सेस कोड प्रयोग गरेको कारण,

(ण) नक्कली नगद प्रयोग गरेका कारण,

(त) अनलाइन वा इन्टरनेटको माध्यमबाट रकम स्थानान्तरण गरेको कारण,

(थ) अप्रत्यक्ष (कन्सिक्वेन्सियल) क्षति वा हानी नोक्सानी,

(द) करार भंग गरेको कारण ।

४. <u>शर्तहरू</u> **(Conditions): यस बीमालेखका शर्तहरू देहाय बमोजिम रहेका छन:-**

**(क) एउटा इकाईलाई एउटा बीमालेख जारी गर्न सकिने (Individual Policy to be assigned for individual unit, branch, subsidiaries):** कुनै बीमितको एक भन्दा बढी व्यवसायिक इकाईहरू रहेछन् भने वा एकै व्यवसायका विभिन्न शाखाहरू रहेछन् भने वा एकै व्यवसायको फरक फरक स्थानमा भिन्न भिन्न उपक्रमहरू रहेछन् भने यो बीमालेख एक व्यवसायिक इकाई, एक शाखा वा एक उपक्रमको लागि मात्र जारी गर्न सकिनेछ । यो बीमा अन्य इकाई, एक शाखा वा उपक्रमका लागि समेत आवश्यक भएमा प्रत्येक इकाई, एक शाखा वा उपक्रमले अलग अलग यो बीमालेख लिन सकिनेछ ।

**(ख) जोखिम थप गर्न सक्ने (Write back of Risk):** बीमकले यस बीमालेखले अपवाद गरेका जोखिम तथा अन्य आवश्यक जोखिम थप गर्न चाहेमा बीमकले त्यसरी जोखिम थप (Write back) गर्न सक्नेछ । तर, त्यसरी थप जोखिम रक्षावरण गर्दा अनुसूचीमा उल्लेख गरी बीमालेख जारी हुँदाकै बखत सम्पुष्टी जारी गर्नु पर्नेछ ।



NEPAL INSURANCE AUTHORITY

**(ग) बीमालेख जारी भएपछि जोखिम थप गर्न नपाइने** (Additional Risk Prohibited after Issuance of the Policy): बीमकले बीमालेख जारी भइसकेपछि कुनै जोखिम थप गर्न पाउने छैन। जोखिम थप गर्नु परको खण्डमा बीमालेख जारी हुँदाकै बखत सम्पुष्टि जारी गरी जोखिम थप गर्नु पर्नेछ ।

**(घ) कार्यालय समयको बारेमा खुलाउनु पर्ने** (Disclosure of Office Time): प्रचलित कानून बमोजिमको कार्यालय समयको अतिरिक्त कार्यालय खुल्ने गरेको वा कार्यालयमा तोकिएका कर्मचारीहरू बसी काम गर्ने गरेको भए त्यस्तो समयलाई समेत कार्यालय समय मानिने छ ।

**(ङ) नगदको अभिलेख** (Record of Cash):

बीमितले सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी वा स्ट्रंग रूममा राखेको नगदको अभिलेख दैनिक रूपमा राख्नु पर्नेछ र उक्त अभिलेख माथि उल्लेखित सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी वा स्ट्रंग रूम बाहेक अन्य सुरक्षित स्थानमा राख्नु पर्नेछ । उक्त अभिलेख बीमा दाबी परेको अवस्थामा बीमितले प्रमाणका रूपमा पेश गर्नु पर्नेछ ।

**(च) साँचो** (Keys):

(अ) बीमित वा बीमितको कर्मचारी बीमितको परिसरमा नभएको अवस्थामा सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी वा स्ट्रंग रूमको साँचो कार्यालय समय बाहेकको समयमा परिसर भित्र छाड्न पाइने छैन । यदि सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी या स्ट्रंग रूमको साँचो बीमितको परिसरमा भेटिएमा सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी या स्ट्रंग रुमको वरिपरि नराखी कुनै सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

(आ) सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी या स्ट्रंग रुम खोल्नका लागि आवश्यक पर्ने कोड बीमित वा बीमितको कर्मचारी बाहेकको पहुँच (सार्वजनिक पहुँच) भन्दा टाढा सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

**(छ) रकम स्थानान्तरण अभिलेख** (Maintenance of Books):

बीमितले रकम स्थानान्तरण गर्दा सो को उचित अभिलेख राख्नुपर्नेछ र बीमकले जुनसुकै बेला उक्त अभिलेख निरीक्षण गर्न सक्नेछ ।

**(ज) पुनः प्राप्ति गर्ने अधिकार** (Right to Recovery):

कुनै कर्मचारीले बदनियत राखी कुनै कार्य गरेको वा नगरेको कारणबाट परेको दाबी भुक्तानी गर्नु पर्दा त्यस्तो कामदारलाई बीमितले तिर्नु बुझाउनु बाँकी कुनै पनि रकम भएमा दाबी भुक्तानी गर्नु पर्ने रकमबाट त्यस्तो रकम कट्टा गरिनेछ । दाबी भुक्तानी गर्दा बीमकले उक्त कामदार वा कर्मचारीको जिम्मामा रहेको वा कब्जामा रहेको तथा निजको अधिकार अन्तर्गत पर्न आउने चल, अचल धनमाल, सम्पत्ति वा सामानबाट असुल उपर गरी रकम भुक्तानी गर्न प्राथमिकता दिनेछ ।

दाबी गरिएको कुनै पनि सम्पत्तिको प्राप्तिको लागि बीमकले आफ्नो वा बीमितको नामबाट सबै उपायहरु अवलम्बन गर्न पाउनेछ र बीमितले बीमकलाई उक्त कार्यमा आवश्यक सहयोग गर्नुको



नेपाल बीमा प्राधिकरण ★ NEPAL INSURANCE AUTHORITY ★

साथै सम्बन्धित सूचनाहरु उपलब्ध गराउनु पर्नेछ । बीमितले छिनोफानो गरिने सम्पत्ति उपरको निजको कानूनी एकाधिकार रहेको प्रमाण पनि बीमक समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

कुनै दाबीको छिनोफानो गरिसकेपछि प्राप्त गरिएको कुनै धनमाल बीमकको सम्पत्ति मानिनेछ । तर बीमकले भुक्तानी गरेको रकम भन्दा बढी रकममको हकमा यो व्यवस्था लागू हुने छैन ।

**(झ) नगदको सुरक्षा** (Security of Cash):

बीमा गरिएको नगद, नगदजन्य उपकरण र सुरक्षण, बीमा गरिएको नगद, नगदजन्य उपकरण र सुरक्षण रहेको सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी वा स्ट्रंग रूम, बीमा गरिएको नगद, नगदजन्य उपकरण र सुरक्षण रहेको स्थान वा कोठा तथा बीमा गरिएको नगद, नगदजन्य उपकरण र सुरक्षण रहेको परिसरको पर्याप्त र उचित सुरक्षा व्यवस्था गर्नु पर्नेछ । यस बीमालेख अन्तर्गत दाबी पर्ने वा पर्न सक्ने सम्भावना भएको कुनै घटना घटेमा बीमितले यथासम्भव छिटो प्रहरीलाई खबर गर्नुका साथै दोषी व्यक्ति तथा नगद, नगदजन्य उपकरण र सुरक्षण खोज्न, पत्ता लगाउन तथा पुनर्प्राप्ति गर्न आवश्यक र उचित सम्पूर्ण उपायहरू अपनाउनु पर्नेछ ।

**(ञ) सूचना** (Notice):

यस बीमालेख अन्तर्गत दाबी पर्ने वा पर्न सक्ने सम्भावना भएको कुनै घटना घटेमा बीमितले यथासम्भव छिटो बीमकलाई खबर गर्नु पर्नेछ र त्यसरी घटना घटेको ७ (सात) दिन भित्र बीमकलाई लिखित जानकारी गराई सक्नु पर्नेछ ।

**(ट) बीमालेख रद्द गर्न सक्ने** (Cancellation of Policy):

(अ) बीमकले पर्याप्त कारण खुलाई बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको पन्ध्र दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

(आ) बीमितले बीमकलाई पन्ध्र दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछः-

| अवधि | वार्षिक बीमाशुल्कको प्रतिशत |
|---|---|
| एक हप्तासम्म | १० प्रतिशत |
| एक महिनासम्म | २० प्रतिशत |
| दुई महिनासम्म | ३० प्रतिशत |
| तीन महिनासम्म | ४० प्रतिशत |
| चार महिनासम्म | ५० प्रतिशत |
| पाँच महिनासम्म | ६० प्रतिशत |
| छ महिनासम्म | ७० प्रतिशत |
| सात महिनासम्म | ८० प्रतिशत |

| | |
|---|---|
| आठ महिनासम्म | ९० प्रतिशत |
| आठ महिना भन्दा बढीको लागि | १०० प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख कायम रहेको अवधिभर कुनै दाबी नभएको हुनु पर्नेछ ।

**(ढ) प्रत्यासन** (Subrogation)

बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति/हानी नोक्सानीको अन्य कुनै पक्षबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पनु पर्नेछ । बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बखत पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारवाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ ।

**(ठ) योगदान** (Contribution)

यो बीमालेखले सुरक्षण प्रदान गर्ने कुनै क्षतिको सम्बन्धमा अन्य बीमाले पनि सुरक्षण प्रदान गरेको रहेछ भने बीमकले यस सम्बन्धी समानुपातिक रकम भन्दा बढी भुक्तानी गर्न बाध्य हुने छैन ।

**(ण) जालसाजी** (Fraud)

दाबी जालसाजीपूर्ण भएमा वा बीमितले कुनै जालसाजीपूर्ण तरिका वा उपाय अवलम्वन गरेमा वा निजको तर्फबाट कसैले अनुचित फाइदा लिन खोजेमा वा सुनियोजित तवरबाट कुनै विध्वंश वा हानी नोक्सानी वा क्षति पुर्याएमा वा बीमितको सुविधाको लागि कुनै कार्य गरेमा यो बीमालेख अनुसारको पसम्पूर्ण फाइदाहरु नपाईने र यदी भएमा कानून असुल जफत गरिनेछ ।

**(त) मध्यस्थता** (Arbitration)/(Dispute Settlement Clause)

यो बीमालेख अन्तर्गत भुक्तानी गर्नुपर्ने परिमाण, बीमालेखको शर्त, सुविधा तथा अपवाद आदिमा कुनै किसिमको विवाद हुन आएमा बीमा ऐन, २०७९ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**(थ) पालना गर्नु पर्ने** (Observance of Terms & Conditions):

यस बीमालेख अन्तर्गत पालना गर्नुपर्ने वा पुरा गर्नुपर्ने शर्त, बन्देज वा बीमालेखमा समावेश गरिएका सम्पुष्टिहरु बीमितको हकमा केही गर्नुपर्ने वा पालना गर्न बाध्यकारी हुने अवस्थामा तथा प्रस्ताव फाराममा उल्लेखित भनाईको सत्यता यस बीमकको बीमालेख दायित्वको आधार हुनेछ ।

**(ड) झुठ्ठा विवरण** (Misdescription): यस बीमालेख अन्तर्गत बीमा गरिएको कुनै नगद, नगदजन्य उपकरण र सुरक्षण, नगद, नगदजन्य उपकरण र सुरक्षण रहेको सेफ, एटिएम (ATM), नगद तथा चेक जम्मा गर्ने मेसिन (CDM), आलमारी वा स्ट्रंग रूम, बीमा गरिएको नगद, नगदजन्य उपकरण र सुरक्षण रहेको स्थान वा कोठा तथा बीमा गरिएको नगद, नगदजन्य उपकरण र सुरक्षण रहेको परिसरको बारेमा मूलभूत तथ्य वा विवरण लुकाई झुठ्ठा तथ्य वा विवरण दिएमा वा जालसाजी गरेमा बीमकले दाबी वापतको रकम भुक्तानी गर्ने छैन। साथै, बीमितले भुक्तानी गरेको बीमाशुल्क समेत जफत हुनेछ।

५. **<u>नगद बीमालेख तालिकाः</u>** नगद बीमालेख तालिका देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| बीमितको नाम: | बीमालेख नं: | |
| बीमितको ठेगाना: | बीमालेख जारी मिति र समयः | |
| इमेलः | बीमालेख प्रस्ताव मितिः | |
| फोन नः | बीमालेख जारी भएको स्थानः | |
| पूर्व बीमालेख नं. (यदि नवीकरण भएको भए) | | |
| बीमालेख अवधिः मिति............................देखि.....................सम्म (मध्यरात १२ बजे) | | |
| बीमा अभिकर्ताको कोड नः | | |
| ब्यवसाय/कारोवारको प्रकारः | | |

**बीमाशुल्क तालिका**

| **क्र. सं** | **रक्षावरण** | **बीमाङ्क रकम** | **दर तालिका** | **बीमाशुल्क रकम** |
|---|---|---|---|---|
| १ | प्रस्तावित परिसर भित्र कुनै पनि समयमा रहने अधिकतम नगद (काउन्टरमा रहने नगद) को बीमाङ्क : | रु. | रु २ प्रति हजार | रु. |
| २ | प्रस्तावित परिसर भित्र कुनै पनि समयमा रहने अधिकतम नगद (सेफ, भल्ट, स्ट्रोङ्ग रुम, एटिएममा रहने नगद को बीमाङ्क : | रु. | रु २ प्रति हजार | रु. |
| ३ | कुनै एक पटकमा ओसार पसार गरिने अधिकतम नगद तथा नगदजन्य उपकरण को बीमाङ्क : | रु. | १.५ प्रतिशत | रु. |
| ४ | **कुल बीमाङ्क** | रु. | | रु. |
| ५ | प्रचलित सम्पत्ति बीमा अनुसारका जोखिमहरु समावेश भएको / न भएको | | | |
| ६ | प्राधिकरणबाट स्वीकृत अन्य जोखिमहरु | | | |
| ७ | **जम्मा रकम** | रु. | | |
| ८ | बीमा अभिकर्ताको प्रयोग नगरी प्रत्यक्ष बीमालेख बिक्री गरिएको अवस्थामा हुलदङ्गा तथा आतङ्कवाद जोखिमको बीमाशुल्क बाहेक अन्य बीमाशुल्कमा बढीमा अभिकर्ता कमिशन बराबरको रकम वा पाँच प्रतिशत रकम छुट | रु. | | रु. |

| | | |
|---|---|---|
| ९ | **जम्मा रकम** | रु. |
| १० | हुलदंगा, हडताल, आतंकबाद जोखिम समुह समावेश भएको / नभएको | |
| ११ | **जम्मा बीमाशुल्क** | रु. |
| १२ | मु.अ.क. | रु. |
| १३ | हुलाक टिकट दस्तुर | रु. |
| १४ | **कुल बीमाशुल्कः** | रु. |
| **अधिक (एक्सेस/डिडक्टिवल)** | | |
| **सम्पुष्टिहरु :** | | |

| क्र.श. | शाखाको नाम | शाखाको ठेगाना | बीमाङ्क रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अधिकार प्राप्त अधिकारीको हस्ताक्षरः………………

मितिः……………………………………………

नाम थरः……………………………………………

पदः……………………………………………

शाखाः……………………………………………

बीमकको छापः……………………………………

*(बीमकले आवश्यक ठानेमा यस अनुसूचीमा उल्लेख गरिएको बीमालेख तालिकालाई सहयोग पुग्ने अन्य कागजात तथा विवरण तयार गर्न सक्नेछ र त्यसरी तयार गरिएको कागजात तथा विवरण यसै तालिकासंग संलग्न गरी राख्नु पर्नेछ ।)*

*द्रष्टव्यः बीमकले बीमितलाई बीमालेख तालिका संगै बीमालेख तथा अन्य सम्बन्धित कागजात उपलब्ध गराउनु पर्नेछ*



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची-६

(दफा ४ को उपदफा (५) संग सम्बन्धित)

**निष्ठा जमानी बीमालेख**

यो बीमालेख श्री ........................ लिमिटेड (यसपछि बीमक भनिएको) र यस बिमालेखको बुँदा नम्बर ८ बमोजिमको निष्ठा जमानी बीमालेख तालिकामा उल्लेख गरिएको बीमा गर्ने संस्था (यसपछि बीमित भनिएको) बिच भएको बीमा सम्बन्धी एउटा करार हो ।निष्ठा जमानी बीमालेख तालिकामा उल्लेख भए बमोजिम बीमितले गरेको लिखित प्रस्ताव र घोषणाको आधारमा बीमितले यस बीमालेखमा उल्लेख गरिएको बीमाको शर्त, बन्देज, व्यवस्था, अपवाद, सम्पुष्टिको अधिनमा रहि बीमाशुल्क भुक्तानी गरेपछि बीमकबाट यो बीमालेख जारी गरिनेछ ।

१. **परिभाषाः** यस बीमालेखको प्रयोजनको लागि "बीमित" भन्नाले संगठित संस्थाका स्थायी वा अस्थायी, पूर्णकालीन वा आंशिक करार, ज्यालादारी वा तालिमे (Intern) वा आउट सोर्सिङ गरी काममा लगाइएका वा अन्य शर्तमा बहाल रहेका संगठित संस्थाको पेरोल वा तलवी खातामा नाम रहेका सम्पूर्ण कर्मचारी वा कामदार (अधिकृत, सहायक वा तल्लो तहका कार्यालय सहयोगी वा कामदार वा कारिन्दा) तथा सिकारु सम्झनु पर्छ।

२. **रक्षावरणः** (१) यस बीमालेख अन्तर्गत देहायको अवस्थामा मात्र कुनै कर्मचारीको धोकाधडीको कारणबाट पर्न आउने क्षति दाबी योग्य हुनेछः-

(क) बीमा अवधि भित्र घटना भएमा,

(ख) तालिकामा उल्लेख भएको कर्मचारीको अविच्छिन्न सेवा अवधि रहेको अवस्थामा,

(ग) बीमा समाप्त भएको मितिले छ महिना भित्र कर्मचारीको मृत्यु भएमा, पदमुक्त वा अवकाश प्राप्त भएको भएमा (कर्मचारीको मृत्यु, पदमुक्त वा अवकाश प्राप्त भएका घटनाहरु मध्ये जुन पहिले हुन्छ सो को मितिले छ महिना भित्र क्षति पत्ता लागेमा)

(२) यस बीमालेखमा उल्लेख गरिएको बीमाको शर्त, बन्देज, व्यवस्था, अपवाद, सम्पुष्टि तथा अन्य विषयको अधीनमा रही बीमकले बीमितलाई बिमालेख तालिकामा उल्लेखित कर्मचारीले किर्ते, हिनामिना, चोरी वा अन्य कुनै जालसाजी गरी रोजगारदाता बीमितको नगद वा अन्य सम्पत्तिको मौद्रिक क्षति गरेको वा गराएको पत्ता लागेमा यस बीमालेख अनुसार सो को क्षतिपूर्ति दिइनेछ ।

३. **दाबी भुक्तानी** (१) दाबी भुक्तानी सम्बन्धमा बीमकको दायित्व देहाय बमोजिम हुनेछः-

(क) जालसाजी गर्ने कर्मचारीको सम्बन्धमा बीमालेख बमोजिम भुक्तानी गर्नु पर्ने रकम यस्ता कर्मचारीको हकमा बीमालेख तालिकामा उल्लिखित क्षतिपूर्तिको रकम भन्दा बढी हुने छैन,

(ख) बीमा अवधि भित्र हुने सबै दाबीहरुको सम्बन्धमा बीमालेख तालिकामा उल्लिखित बीमाङ्क रकम भन्दा बढी हुने छैन,

(ग) यो बीमालेख एक भन्दा बढी अवधिको लागि बीमा सुचारु भएको अवस्थामा चालु बीमा अवधिको साथै अगाडिको बीमा अवधिमा समेत कर्मचारीको धोकाधडीको कारणबाट दाबी परेको भएमा, सबै दाबीहरुको कारणबाट बीमकको दायित्व जोडिदै जाने वा बढ्ने नभई सबै बीमा अवधिमा र सबै दाबीहरुमा गरेर आउने जम्मा दायित्व यस बीमाको बीमाङ्क रकम वा यस भन्दा अगाडिको बीमालेखको बीमाङ्क रकम मध्ये जुन बढी हुन्छ सो सम्म मात्र हुनेछ।

(२) कुनै एक कर्मचारीको धोकाधडीको कारणबाट आउने एक भन्दा बढी दाबी भुक्तानी गर्न बीमक बाध्य हुने छैन ।

(३) यस बीमालेख अन्तर्गतको क्षति कर्मचारीको पद र कर्तव्य पालनको कारणबाट भएको हुनु पर्नेछ ।

**४. <u>अपवादः</u> यस बीमालेखको अपवाद देहाय बमोजिम हुनेछः-**

(क) यस बीमाको अनुसूचीमा उल्लेख भएको भौगोलिक सीमा भन्दा अन्यत्र भएको क्षति,

(ख) कुनै घटना दुई वर्ष भन्दा पछि पत्ता लागेमा,

तर यस्तो भूत प्रभावी अवधिमा भएको क्षतिको सम्बन्धमा बीमा अटुट रुपमा भइरहेको र पहिलो बीमालेखको अवधि भन्दा पहिले भएको घटनाबाट आउने क्षतिको भुक्तानी गर्न शर्त बमोजिम मान्य दाबी चालु बीमालेखको शर्त, अबस्था तथा अपवादको अधिनमा रही भुक्तानी गर्न पर्नेछ।

(ग) बीमकले लिखित रुपमा परिवर्तनको सहमति नजनाएको अवस्थामा बीमितले आफ्नो कर्मचारीको सेवा शर्त र कर्तव्यको परिवर्तन गरेमा,

(घ) बीमकलाई जानकारी नगराई कुनै कर्मचारीको तलब/ सुविधा घटाएमा,

(ङ) रोजगारदाताले हिसाब तथा मौज्दात ठीक राख्न आवश्यक पूर्व सावधानी वा सुरक्षा नअपनाएमा,

(च) यस सम्बन्धमा गरिएको कुनै लिखित विवरण शर्त र कर्तव्यको परिवर्तन गरेमा,

(छ) बीमितले आफ्ना कर्मचारीको निष्ठा माथि तथ्यलाई लापरवाही गरी सोही कर्मचारीलाई नगद वा सोही प्रकृतिका सामानहरु राख्न मन्जुरी दिइराखेमा।

**५. <u>शर्तहरुः</u> यस बीमालेखमा शर्तहरू देहाय बमोजिम रहेका छनः-**

(क) यस बीमालेख अन्तर्गत दाबी परेमा वा दाबी पर्न सक्ने घटना भएमा, बीमितले तत्काल बीमकलाई लिखित सूचना दिनु पर्नेछ,

(अ) थप क्षति हुन नदिन तुरुन्त मनासिव उपायहरु अवलम्बन गर्ने,

(आ) बीमकको माग अनुसार दाबीको सत्यता जाहेर गर्ने कागजात, प्रमाण, सूचना तथा दाबीको सम्बन्धमा आवश्यक पर्ने अन्य कागजात (आवश्यक भएमा कागजतको वैधानिकता सहित) बीमक समक्ष पेश गर्नु पर्दछ ।

(ख) यस बीमालेख अन्तर्गत बीमा भएको दायित्वको सम्बन्धमा, सोही दायित्वको अन्य व्यक्ति, समुदाय वा संस्थाबाट प्रत्याभूत भएमा वा अन्य सुरक्षण वा बीमा भएमा, बीमकको दायित्व अन्य प्रत्याभूति, सुरक्षण वा बीमासंग समानुपातिक हुनेछ ।

(ग) कर्मचारीलाई कुनै रकम भुक्तानी गर्नु पर्ने रहेछ भने सो कर्मचारीबाट जालसाजी वा बेइमानीको कारणबाट हुन गएको क्षतिपूर्ति रकम, दाबी रकमबाट घटाइनेछ । दाबी भुक्तानी पछि सो दाबीको सम्बन्धमा सम्बन्धित कर्मचारीबाट कुनै रकम वा सम्पत्ति प्राप्त भएमा सो बीमकको हुनेछ

तर यस्तो प्राप्ति भएको रकम, बीमकले भुक्तानी गरेको दाबी रकम सम्म मात्र हुनेछ ।

(घ) बीमकको अनुरोधमा बीमितले बीमालेख अनुसार दाबी गरेको अवस्थामा उक्त दाबी संग सम्बन्धित दोषी देखिएका कर्मचारीलाई दोषी ठहर्याउन कानुनी लगायत अन्य कार्वाही गर्नको लागी आवश्यक खर्च बीमकले बीमितलाई भुक्तानी गर्नेछ ।

(ङ) बीमक वा बीमकको प्रतिनिधिले आवश्यकता अनुसार क्षति भएको परिस्थिति अध्ययन, जाँचबुझ, परीक्षण गर्न पाउने छ। बीमकले माग गरेपछि बीमितले आफुसंग भएको सो क्षतिसंग सम्बन्धित लेखा स्रेस्ता, हिसाब विवरण, रसिद, निस्सा र सम्बन्धित कागजातहरु पेश गर्नु पर्नेछ । दाबीसंग सम्बन्धित वा उक्त दाबीको सत्यतथ्य पत्ता लगाउन वा बीमकको दायित्व निर्धारण गर्न सहयोगी हुन सक्ने बीमकबाट माग गरिएका सम्पूर्ण कागजात तथा दस्तावेजहरुको विवरण तथा प्रतिलिपी उपलब्ध गराउनु पर्दछ।

(च) यस बीमालेख अन्तर्गत बीमितले कुनै लाभ उठाउने उद्देश्यले जालसाजी वा लापरबाही गरेमा बीमित सबै लाभबाट वञ्चित हुनेछ ।

(छ) बीमकलाई आफ्नै खर्चमा र आफ्नै लाभको लागि रोजगारदाताको नाममा कुनै दाबी भुक्तान गरेपछि सम्बन्धित कर्मचारीको बिरुद्धमा दाबीको कारवाही शुरु गर्न रोजगारदाताले पाएको अधिकारको प्रयोग गर्न पाउनेछ ।बीमितले बीमकलाई यस्ता दाबी तथा अधिकार कायम राख्न उचित आवश्यक सम्पूर्ण जानकारी र सहयोग दिनु पर्नेछ ।

(ज) बीमकले बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको पन्ध्र दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

(झ) बीमितले बीमकलाई पन्ध्र दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ ।



नेपाल बीमा प्राधिकरण * NEPAL INSURANCE AUTHORITY

| अवधि | वार्षिक बीमाशुल्कको प्रतिशत |
|---|---|
| एक हप्तासम्म | १० प्रतिशत |
| एक महिनासम्म | २० प्रतिशत |
| दुई महिनासम्म | ३० प्रतिशत |
| तीन महिनासम्म | ४० प्रतिशत |
| चार महिनासम्म | ५० प्रतिशत |
| पाँच महिनासम्म | ६० प्रतिशत |
| छ महिनासम्म | ७० प्रतिशत |
| सात महिनासम्म | ८० प्रतिशत |
| आठ महिनासम्म | ९० प्रतिशत |
| आठ महिना भन्दा बढीको लागि | १०० प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख कायम रहेको अवधिभर कुनै दाबी नभएको हुनु पर्नेछ ।

(ञ) कर्मचारीको पहिचानको उद्देश्यको लागि, कुनै कर्मचारीको आवास वा पेशा/दायित्व परिवर्तन भएमा वा बिहे वा अन्य कारणबाट थर परिवर्तन भएमा बीमकलाई तत्काल लिखित रुपमा वैधानिक सूचना दिनु पर्नेछ ।

(ट) बीमितबाट बीमाशुल्कको रकम बीमकलाई कुनै पनि तवरबाट प्राप्त भएको जानकारी हुँदैमा बीमकले पुर्णरुपमा भरेको प्रस्ताव फारम स्वीकृत नहुँदै बीमालेख जारी गर्न बाध्य हुने छैन ।

(ठ) कुनै कर्मचारीको नयाँ नियुक्ति भएमा वा सेवाबाट हटेमा, बीमितले तत्काल लिखित सूचना दिनु पर्नेछ र सो को लागि अतिरिक्त बीमाशुल्क लाग्ने भएमा सो को भुक्तानी गर्नु पर्नेछ ।

(ड) फ्लोटर बीमालेख जारी भएको अवस्थामा, बीमाङ्क रकम पुरा बीमा अवधिभर कायम गर्नु पर्नेछ । दाबी परेको अवस्थामा दाबी रकम बराबरको रकमको घटना भएको मिति देखि बीमालेख बहाल रहने अवधि सम्मको लागि समानुपातिक बीमाशुल्क भुक्तान गर्नु पर्नेछ अथवा दाबी भुक्तानीको रकमबाट त्यस्तो बीमाशुल्क रकम कट्टा गरी बाँकी रकम भुक्तानी गरिने छ ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "फ्लोटर बीमालेख" भन्नाले देशका विभिन्न स्थानमा रहेका बीमितका शाखा, उपशाखा, सम्पर्क कार्यालयमा रहेका कर्मचारीहरूबाट हुने जोखिम रक्षावरणका लागि जारी गरिने एउटा बीमालेख सम्झनु पर्छ ।

(ढ) यस बीमालेख अन्तर्गत पालना गर्नुपर्ने वा पुरा गर्नुपर्ने शर्त, बन्देज वा बीमालेखमा समावेश गरिएका सम्पुष्टिहरु बीमितको हकमा केही गर्नुपर्ने वा पालना गर्न बाध्यकारी हुने अवस्थामा तथा प्रस्ताव फाराममा उल्लेखित भनाईको सत्यता यस बीमकको बीमालेख दायित्वको आधार हुनेछ।

६. **विवाद समाधानः** यो बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा सो को समाधान बीमा ऐन, २०७९ बमोजिम हुनेछ।

७. **व्याख्याः** बीमालेख, अनुसूची, प्रस्ताव फारम, निष्ठा जमानी बीमालेख तालिका, सम्पुष्टि, बीमाशुल्क भुक्तानी रसिद एकमुष्ट रुपमा बीमा करार वा बीमालेखको भागको रुपमा हुनेछ र यस बीमालेखमा प्रयोग गरिएका शब्द तथा वाक्यहरु जहाँ जुन आशयका साथ प्रयोग गरिएको छ सोही अनुरुपको अर्थ लगाउनु पर्नेछ।

८. **निष्ठा जमानी बीमालेख तालिकाः निष्ठा जमानी बीमालेख तालिका देहाय बमोजिम हुनेछः-**

| | | |
|---|---|---|
| बीमितको नामः | बीमालेख नंः | |
| बीमितको ठेगानाः | बीमालेख जारी मिति र समयः | |
| इमेलः | बीमालेख प्रस्ताव मितिः | |
| फोन नः | बीमालेख जारी भएको स्थानः | |
| पूर्व बीमालेख नं. (यदि नवीकरण भएको भए) | | |
| बीमालेख अवधिः मिति...........................देखि....................सम्म (मध्यरात १२ बजे) | | |
| बीमा अभिकर्ताको कोड नः | | |
| व्यवसाय/कारोवारको प्रकारः | | |

**बीमाशुल्क तालिका**

| क्र. सं | रक्षावरण | बीमाङ्क रकम | दर तालिका | बीमाशुल्क रकम |
|---|---|---|---|---|
| १ | जोखिममा रहेको नगदको बीमाङ्क (Amount at Risk) | रु. | ५ प्रति हजार | |
| २ | बीमामा समावेश भएका कर्मचारी (staff fidelity) | कर्मचारी संख्या | रु. १०० प्रति कर्मचारी | |
| ३ | **बीमाशुल्क** | | | रु. |

| | | | | |
|---|---|---|---|---|
| ४ | बीमा अभिकर्ताको प्रयोग नगरी प्रत्यक्ष बीमालेख बिक्री गरिएको अवस्थामा हुलदङ्गा तथा आतङ्कवाद जोखिमको बीमाशुल्क बाहेक अन्य बीमाशुल्कमा बढीमा अभिकर्ता कमिशन बराबरको रकम वा पाँच प्रतिशत रकम छुट | | | रु. |
| ५ | **कुल बीमाशुल्क** | रु. | | |
| ६ | मु.अ.क | रु. | | |
| ७ | हुलाक टिकट दस्तुर | रु. | | |
| ८ | **खुद बीमाशुल्कः** | रु. | | |
| **अधिक (एक्सेस/डिडक्टिवल):** | | | | |
| **सम्पुष्टिहरु :** | | | | |

| क्र.स. | कामदार को पुरा नाम | पद | क्षमता | रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अधिकार प्राप्त अधिकारीको हस्ताक्षरः………………

मितिः…………………………………………………

नाम थरः……………………………………………

पदः……………………………………………………

शाखाः…………………………………………………

बीमकको छापः……………………………………

*(बीमकले आवश्यक ठानेमा यस अनुसूचीमा उल्लेख गरिएको बीमालेख तालिकालाई सहयोग पुग्ने अन्य कागजात तथा विवरण तयार गर्न सक्नेछ र त्यसरी तयार गरिएको कागजात तथा विवरण यसै तालिकासंग संलग्न गरी राख्नु पर्नेछ।)*

*<u>द्रष्टव्यः</u> बीमकले बीमितलाई बीमालेख तालिका संगै बीमालेख तथा अन्य सम्बन्धित कागजात उपलब्ध गराउनु पर्नेछ।*